Jana Aakash National Weekly

www.janaakash.com

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ३०, २०८२ साल फागुन १२ गते मंगलबार (February 24, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित

www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# सरकारले बनायो दुर्घटनाको छानविन, विश्वसनीयता कति



काठमाडौं- धादिङको बेनीघाट रोराङ गाउँपालिका-५, भैंसीगौडास्थित पृथ्वी लोकमार्गमा पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको ग २ ख १४२१ नम्बरको यात्रुवाहक बसको दुर्घटनाबारे छानबिन गर्न सरकारले कार्यदल गठन गरेको छ। व्यवसायी र मजदुर सङ्घलगायत मन्त्रालयका पदाधिकारीहरूको उपस्थितिमा बसेको बैठकले कार्यदल गठन गरेको हो ।

गृह मन्त्रालयले दुर्घटना छानबिनका लागि सहसचिवको नेतृत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको गृह प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए । गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा गृहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुखहरू, यातायात विभागका महानिर्देशक, सडक विभागका महानिर्देशक तथा यातायात व्यवसायी र मजदुर सङ्घलगायत मन्त्रालयका पदाधिकारीहरूको उपस्थितिमा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

कार्यदललाई बस दुर्घटनाको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेस गर्न भनिएको छ । उनका अनुसार उक्त दुर्घटनामा बसमा सवार ४४ जना यात्रुमध्ये १९ जनाको मृत्यु तथा २५ जना घाइते भएका छन् । घटनाको जानकारी प्राप्त हुनासाथ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायत स्थानीय बासिन्दाको समन्वयमा घटनास्थलमा उद्धारकार्य तदारुकताका साथ अगाडि बढाइएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

दुर्घटनामा ज्यान गुमाउनेको शव नदीबाट » बाकी ६ पृष्ठमा

*निर्वाचन बहिष्कारका नाममा हुने धन्दामा कडाइ गर्न*

# प्रधानमन्त्रीको निर्देशन



काठमाडौं । प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन बहिष्कारका नाममा बिथोल्ने प्रयास हुनसक्ने भन्दै प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिएकी छन् । शनिबार बुटवलमा प्रदेशका उच्च अधिकारीहरूसँगको बैठकमा प्रधानमन्त्री कार्कीले बहिष्कारका नाममा जनतालाई आतंकित पार्ने र अवैध रकम असुली गर्ने काम हुनसक्ने भन्दै सुरक्षा निकायलाई चनाखो रहन निर्देशन दिएकी हुन् ।

'अहिले बहिष्कार पनि एक प्रकारको सजिलो व्यवसायजस्तो भएको छ । जनतामा जानु नपर्ने, संगठन बनाउनु नपर्ने, तर दुई चार जना मिलेर बहिष्कारको हल्ला फिँजाउने र चन्दाका नाममा असुली गर्ने प्रवृत्ति देखिएको छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'राजनीति गर्ने हो भने जनतामा मत माग्न जानुपर्छ । यस्ता अवाञ्छित गतिविधिलाई कडाइका साथ नियन्त्रण गरिनुपर्छ ।'

देशको राजनीतिक निकासका लागि निर्वाचन सफल बनाउनुको विकल्प नरहेको पनि प्रधानमन्त्री कार्कीले » बाकी ६ पृष्ठमा

# भ्रममा नपरे हुन्छ, तोकिएकै मितिमा चुनाव हुन्छ : आयोग



काठमाडौं । निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले तोकिएकै समयमा निर्वाचन हुने भएकोले ढुक्क भएर तयारीमा लाग्न आग्रह गरेका छन् ।

गोरखापत्र संस्थानले आइतबार आयोजना गरेको कार्यक्रममा उनले केही तत्वहरूले निर्वाचन बिथोल्ने प्रयास गरे पनि त्यो प्रयास सफल नहुने बताए ।

उनले तोकिएकै मिति र समयमा निर्वाचन सम्पन्न हुने बताए । अझै पनि केही उम्मेदवाहरूले आफूलाई निर्वाचनको वारेमा संशय राखेर फोन गर्ने गरेको बताउँदै भ्रममा नपरी निर्वाचनको प्रचारप्रसारमा लाग्न उनले सुझाव दिए ।

उनले केही कुण्ठित व्यक्तिहरूले निश्चित उद्देश्य पूरा गर्न अनावश्यक हल्ला फैलाउने प्रयास गर्नसक्ने बताए । अब नेपाली जनता त्यस्ता प्रायोजित हल्लाका साक्षी बस्न नसक्ने उनको भनाइ छ ।

निर्वाचनको विकल्प निर्वाचन नै भएको दोहोऱ्याउँदै उनले निर्वाचनको वातावरण विथोलिने अवस्था अब नबन्ने जिकिर गरे ।

राजनीतिक दल, उम्मेदवार र तिनका कार्यकर्ताहरू निर्वाचन प्रचारप्रसारमा सक्रिय रहेको र उनीहरूले पनि निर्वाचन बाहेक अर्को विकल्प नदेखेको उनको भनाइ छ । नयाँ पुराना सबै शक्तिहरुले समेत निर्वाचनलाई » बाकी ६ पृष्ठमा

# इतिहासमा फयाकिएका केही व्यक्ति चुनाव नहुने भ्रम फैलाइरहेका छन् : प्रचण्ड



काठमाडौं । नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का संयोजक पुष्पकमल दाहाल प्रचण्डले इतिहासमा फ्याँकिएका केही मान्छेहरूले चुनाव नहुने भ्रम फैलाइरहेको भन्दै आपत्ति जनाएका छन् ।

नेकपा दोलखा-काठमाडौं सम्पर्क निर्वाचन परिचालन कमिटीले शनिबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा प्रचण्डले चुनाव हुने निश्चित भइसकेको अवस्था नेपाली जनक्रान्तिद्वारा इतिहासमा फ्याँकिएका केही मान्छेहरूले चूनाव नहुने भ्रम फैलाइरहेको भन्दै आपत्ति जनाएका हुन् ।

'चुनाव नहुने हल्ला र प्रचारका पछाडी नलाग्न र दृढतापूर्वक निर्वाचनको तयारीमा जुट्नुस्,' प्रचण्डको अपिल थियो । एनले निर्वाचनको मिति नजिकिँदै गर्दा प्रतिक्रियावादी र प्रतिगामीहरूका चलखेल र हरकतहरूको केही अर्थ नरहेको पनि टिप्पणी गरे । प्रचण्डले निर्वाचन मात्रै तुलनात्मक रूपले अहिलेको सहज विकल्प भएको सुरुदेखि नै नेकपा निर्वाचनका बिषयमा दृढतापूर्वक अडिएको धारणा पनि राखे । देशभरि नेकपाको प्रचार अभियान अगाडि बढ्दै जाँदा बाँकी दिन युद्धस्तरमा खट्न सके एकपटक देशको » बाकी ६ पृष्ठमा

# ओलीको दाबी- नेशनल युथ फोर्स नबन्दा देशका संरचना जले, अब जल्दैन

काठमाडौं । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीले नेशनल युथ फोर्स गठन गरेकाले अब कुनै पनि देशका सर्वोच्च संरचना जल्न नदिने दाबी गरेका छन् ।

सोमबार झापा-५ मा आयोजित चुनावी सभालाई सम्बोधन गर्ने क्रममा उनले यस्तो दाबी गरेका हुन् ।

जेनजी आन्दोलन हुँदा आफ्नो पार्टीले नेशनल युथ फोर्स गठन नगरेकाले देशका सर्वोच्च संस्थाहरू जलेको ओलीको भनाइ थियो ।



'देश जल्यो । जल्दो रहेछ । एउटा मात्रै कारण हो हामीले नेशनल युथ फोर्स बनाएका थिएनौं । अब कहीँ केही जल्न पाउँदैन,' ओलीले भने, 'अब हामी कसैलाई पनि सिंहदरबार जलाउने छुट दिने छैनौं ।'

शान्ति सुरक्षामा रखबारी गर्नका लागि युथ फोर्स बनाएको ओलीको भनाइ छ । 'यो कुनै देखाउनका लागि मात्रै बनाइएको हैन,' » बाकी ६ पृष्ठमा

# पेट्रोलियम पदार्थमा १० प्रतिशत इथानोल मिसाउँदा वार्षिक ६ अर्ब बचाउन सकिन्छ : उद्योगमन्त्री

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले पेट्रोलियम पदार्थमा १० प्रतिशत इथानोल मिश्रण गर्दा नेपालबाट वार्षिक करिब ६ अर्ब बराबरको पेट्रोलियम आयात घटाउन सकिने बताएका छन् ।

आइतबार नेपाल आर्थिक पत्रकार समाजले राजधानीमा आयोजना गरेको कार्यक्रममा उनले पेट्रोलमा इथानोल मिसाउने निर्णय लामो अध्ययन



र छलफलपछि कार्यान्वयनको चरणमा पुगेको बताएका हुन् । यसले नेपालबाट वार्षिक करिब ६ अर्ब बराबरको पेट्रोलियम आयात घटाउन सकिने उनको दाबी थियो । यसबाट व्यापार घाटा कम गर्न सहयोग पुग्ने उनको भनाइ छ ।

इथानोल मिश्रणसम्बन्धी अध्ययन दुई दशकदेखि हुँदै आएको उल्लेख गर्दै उनले हाल पेट्रोलमा इथानोल मिसाउने आदेश २०८२ स्वीकृत भइसकेको र उक्त नीति राजपत्रमा प्रकाशित भएर कार्यान्वयनमा » बाकी ६ पृष्ठमा

# बाँकेमा ३३ जना उम्मेदवारले खोले बैक्त खाता

नेपालगन्ज । निर्वाचन खर्च प्रयोजनका लागि बाँकेमा ३३ जना उम्मेदवारले मात्रै बैङ्क खाता खोलेका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि बाँकेमा उम्मेदवार भएका ५६ जनामध्ये अहिलेसम्म १५ जनाले निर्वाचन खर्च प्रयोजनका लागि बैङ्क खाता नखोलेको निर्वाचन आचारसंहिता अनुगमन समितिले जनाएको छ ।

निर्वाचन क्षेत्र नम्बर १ मा ९, क्षेत्र नम्बर २ मा १४ र क्षेत्र नम्बर ३ मा १० गरी ३३ जना उम्मेदवारले बैङ्क खाता खोलेको निर्वाचन आचारसंहिता अनुगमन समितिका अधिकृत सर्वोदय उपाध्यायले जानकारी दिए ।

उनका अनुसार अहिलेसम्म आठ जनाले खाता खोल्ने सिफारिस लैजानुभएको छभने १५ जनाले अझै केही गरेका छैनन् । कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष



नियन्त्रक एवं निर्वाचन आचारसंहिता अनुगमन अधिकृत उपाध्यायले निर्वाचन खर्च प्रयोजनका लागि फागुन ४ गतेभित्रै सबै उम्मेदवारले खाता खोलिसक्नुपर्नेमा हालसम्म पनि १५ जनाले खाता नखोलेकाले उहाँहरूलाई पटक-पटक फोनमार्फत ताकेता गरिएको जानकारी दिए ।

'ताकेता गरिएको छ प्रतिबद्धता पनि छ तर कार्यान्वयन भएको पाइँदैन,' उनले भने । खाता नखोल्नेमा अधिकांश स्वतन्त्र उम्मेदवार रहेको अधिकृत उपाध्यायको भनाइ छ ।

निर्वाचन आचारसंहिताअनुसार उम्मेदवारले व्यक्तिगत खाताबाट खर्च नगरी निर्वाचन प्रयोजनका लागि छुट्टै बैङ्क खाता » बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३०,
२०८२ साल फागुन १२ गते मंगलबार
24 FEBRUARY 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुँदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# निर्वाचनलाई मितव्यियता बनाऔं ।

नेपालमा थुप्रै निर्वाचनहरू सम्पन्न भएका छन् । निर्वाचनको वेला नागरिकहरूलाई प्रभावित पार्ने राजनीतिक दलहरूले अनेक खालका प्रपञ्च गर्ने गरेका छन् । जसमा गाडी, बाईकमा हुल हुज्जत हुने गरी न्याली निकाल्ने नारा जुलुस लगाउने, भोज भत्तेर लागएर मतदाताहरूलाई प्रभावित पार्ने काम विगत देखिनै गर्दै आएका छन् । यस पटकको निर्वाचनमा पनि त्यस्तै खालका गतिविधिहरू कम देखिएपनि कतिपय ठाउँहरूमा पुनःराबृति भएको देखिन्छ ।

नागरिकले स्वतन्त्र ढंगवाट सक्षम,योग्य, दक्ष व्यात्तित्व छान्न पाउने अधिकारलाई प्रभावित पारेर सधै नेपाली जनताको सपना अधुरै राख्ने काम हुदै आएको छ । त्यसकारण यस पटकको निर्वाचनमा यस्ता गतिविधि कम भएपनि कतै कतै देखिएका ठाउँहरूमा निर्वाचन कार्यालयले समयमा नै अनुगमन गरेर मतदाताहरूलाई प्रभावित पार्ने समूह, पार्टीहरूलाई कानूनी दायरामा ल्याई प्रतिनिधिसभा सदस्यको निर्वाच भयरहित, स्वतन्त्र, निष्पक्ष रूपमा गराउन निर्वाचन कार्यालयले नै गर्नुपर्छ ।

निर्वाचन मितबीयता बनाएर भाग लिने परीपाटीको विकास भयो भने सामाजिक रूपमा काम गरिरहेका असल व्यात्तित्वहरूले पनि निर्वाचनमा प्रतिस्पर्धामा आउने अवसरहरू प्राप्त गर्नेछन् र आउदा दिनमा देशका उत्कृष्ट व्यात्तित्वहरूले देशको नीति, नियमहरू बनाउने ठाउमा प्रतिनिधित्व गर्दै देशलाई नीतिगत रूपमा सुधार गरेर देश विकासको आधारहरू तयार गर्नेछन् । यस्तो महत्वपूर्ण थालनीको लागी वर्तमान सरकार जनताको बल अर्थात जेन्जीको बलमा बनेको नागरिक सरकारको नेतृत्वमा बनेको सरकारले गराउदै गरेको निर्वाचन मितबीयता कम खर्चिलो र स्वतन्त्र, निष्पक्ष होस् भन्ने आम नागरिक चाहाना रहेको छ ।

आम नागरिकको चाहाना अनुरूप नै निर्वाचन गरेर नागरिक सरकारले जनप्रतिधि चयन गरेर नेपालको संविधानमा उल्लेख भएका तर कतिपय समय सान्दर्भिक नभएका नीति, नीयमहरू परिमार्जन गर्दै देश र जनतको हितमा लगाउने गरी काम गरूण भन्ने आम नागरिकको चाहानालाई समेत आत्मसाथ गरूण ।

# अस्थिर राजनीतिले चुनावी नाराभन्दा रोजिरोटीकै चिन्ता



■ वीरबहादुर बम

नेपालमा अस्थिर सरकार र बेलाबेलामा हुने मध्यावधि निवार्चनले चुनावलाई उत्सवका रुपमा होइन, रोजिरोटीको चिन्ता थपिएको रुपमा सर्वसाधारणले लिने गरेका छन् । अध्यावधिक निर्वाचनको समय नपुग्दै गरिने मध्यावधि निर्वाचनले अनावश्यक विकास खर्चको कटौती गरिने र सरकार सर्वसाधारणका मुद्दामा बेखबर हुने गरेकोले पनि देशवासीको चुनावप्रति वितृष्णा बढेको हो । नेपालमा चुनाव आउनुअघि एउटा लयबद्ध नारा गुञ्जिन्छ- 'लोकतन्त्रको उत्सव ।' झन्डा फहराउँछन्, चिल्ला गाडीहरू गाउँ छिर्छन् र नेताहरूका आश्वासनको बाढी आउँछ । तर काठमाडौंको सुकुम्बासी बस्तीदेखि कर्णालीका विकट गाउँसम्मका विपन्न परिवारका लागि यो 'उत्सव' केवल एउटा भित्ते पात्रो परिवर्तन भएजस्तै हो । उनीहरूका लागि निर्वाचनको मतपत्रभन्दा ठूलो समस्या साँझको रोटीको 'पिरलो' बनेको छ ।

निर्वाचनको समयमा राजनीतिक दलहरूले बाँड्ने सपनाको चाङ निकै अग्लो हुन्छ । गाँस, बास, कपास र रोजगारसहितको सबैलाई सुरक्षित आवास भन्ने नारा सुन्दा लाग्छ, अब देशमा रोजगारी र विकासको मुहान फुटनेछ । तर यथार्थको धरातलमा उभिएर हेर्दा ती नारा केवल 'चुनावी मसला' मात्र साबित भएका छन् । एकछाक टार्नका लागि दिनभरि भारी बोक्नुपर्ने भरिया वा सडक किनारामा गिटी कुटेर जीविकोपार्जन गर्ने श्रमिकका लागि कुन पार्टीले जित्यो भन्ने कुराले भन्दा पनि भोलि बिहानको चामलको भाउ कति पुग्यो भन्ने कुराले बढी अर्थ राख्छ । विपन्न परिवारका लागि निर्वाचन एउटा यस्तो समय हो, जहाँ उनीहरूको गरिबीको 'मार्केटिङ' गरिन्छ । उनीहरूका झुप्राहरूको अगाडि उभिएर खिचिएका तस्वीरहरू सामाजिक सञ्जालमा भाइरल बनाइन्छन्, तर निर्वाचन जितेपछि तिनै झुप्राहरूमा डोजर चल्ने त्रास रहिरहन्छ ।

नेपालको अर्थतन्त्र अहिले निकै तरल अवस्थामा छ । बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य आकाशिएको छ । घिउ, तेल, चामल र दाललगायत दैनिक उपभोग्य सामानको भाउ सुन्दा सर्वसाधारणको मुटु काँप्छ । यस्तो अवस्थामा निर्वाचनको चर्चा गर्नु उनीहरूका लागि विलासिताजस्तै भएको छ ।

एक मजदुरको दैनिक ज्यालाले अहिलेको महँगीमा एक परिवार पाल्न असम्भव प्रायः छ । जब एउटा बाबुले आफ्ना छोराछोरीको विद्यालयको शुल्क तिर्न सक्दैन वा बिरामी आमाको औषधि किन्न पैसा पुऱ्याउन सक्दैन, तब उसलाई देशमा कस्तो शासन व्यवस्था छ भन्ने कुराले कुनै सरोकार राख्दैन । उसको पहिलो प्राथमिकता 'भोक' व्यवस्थापन हो, 'भोट' व्यवस्थापन होइन ।

देशमा रोजगारीको अवसर नहुँदा युवाशक्ति खाडीको तातो बालुवामा पसिना बगाउन बाध्य छन् । निर्वाचनको बेला 'स्वदेशमै रोजगारी' को नारा खूब घन्किन्छ तर तथ्यांकले भन्छ- दैनिक हजारौँ युवाहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिन्छन् ।

गाउँमा रहेका वृद्धवृद्धा र बालबालिकाहरूका लागि निर्वाचन केवल एउटा झन्झटजस्तो बनेको छ । उनीहरूका छोराछोरी टाढा छन्, घरमा बिरामी पर्दा अस्पताल लैजाने कोही छैन । यस्तो अवस्थामा नेताहरूले गर्ने ठूला कुराले उनीहरूको घाउमा नुनचुक छर्किने काम मात्र गर्छ । विपन्न परिवारको पिरलो यो छ कि भोट हालेर के पाउनु ? आखिर छोरोले खाडी नै जानु पर्ने हो, या त मुग्लान ।

नेपालमा अझै पनि गरिबी र जातीय, क्षेत्रीय विभेदको गहिरो सम्बन्ध छ । दलित, सीमान्तकृत र विपन्न समुदायलाई निर्वाचनको बेला 'भोट बैंक' को रूपमा मात्र प्रयोग गरिन्छ । उनीहरूलाई क्षणिक प्रलोभन देखाइन्छ- कतै भोजभतेर, कतै केही थान लुगा त कतै नगद । तर निर्वाचन सकिएपछि उनीहरू फेरि उही अँध्यारो ओडारमै फर्किनुपर्ने बाध्यता छ ।

नीति निर्माण तहमा यी विपन्न वर्गको प्रतिनिधित्व न्यून छ । जसको घरमा चुल्हो बल्दैन, उसले राज्यको नीति निर्माणमा कसरी प्रभाव पार्न सक्छ ? राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा गरिबी निवारणका ठूला कुरा त गर्छन् तर व्यवहारमा ती केवल कागजका खोस्टा मात्र हुन् ।

विपन्न परिवारको सबैभन्दा ठूलो चिन्ता शिक्षा र स्वास्थ्य हो । सरकारी विद्यालयको गुणस्तर खस्कँदो छ र निजी विद्यालयको शुल्क तिर्ने सामर्थ्य उनीहरूमा छैन । बिरामी पर्दा सरकारी अस्पतालमा बेड पाइँदैन र निजी अस्पतालको बिल तिर्न घरखेत बेच्नुपर्ने अवस्था छ ।

निर्वाचनमा करोडौँ खर्च गर्ने उम्मेदवारहरूले ती विपन्न बस्तीमा एउटा राम्रो स्वास्थ्य चौकी वा विद्यालय बनाउने ठोस योजना कहिल्यै ल्याउँदैनन् । उनीहरूको ध्यान केवल कसरी सत्ता कब्जा गर्ने भन्नेमा केन्द्रित हुन्छ । जबसम्म शिक्षा र स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा पूर्णतः निःशुल्क र गुणस्तरीय बनाइँदैन, तबसम्म विपन्नका लागि लोकतन्त्रको कुनै अर्थ रहँदैन । विपन्न परिवारले अब बुझ्न थालेका छन् कि उनीहरूको समस्याको समाधान केवल 'भोट' हालेर मात्र हुँदैन, उनीहरूलाई चाहिएको त 'रोजिरोटी' को सुनिश्चितता हो ।

> सरकारले स्थानीय स्तरमा साना उद्योग र कृषिमा आधारित रोजगारी सिर्जना गर्नुपर्छ । विपन्न परिवारका लागि प्रभावकारी सामाजिक सुरक्षा कार्यक्रम हुनुपर्छ, जसले उनीहरूको न्यूनतम गाँस, बास र कपासको ग्यारेन्टी गरोस् । बजारमा हुने कालोबजारी र अस्वाभाविक मूल्यवृद्धिलाई कडाइका साथ नियन्त्रण गरिनुपर्छ । निर्वाचन आफैँमा नराम्रो कुरा होइन, यो त लोकतन्त्रको मेरूदण्ड हो । तर जब लोकतन्त्रले भोको पेटलाई सम्बोधन गर्न सक्दैन तब त्यो व्यवस्थामाथि नै प्रश्नचिह्न खडा हुन्छ । विपन्न परिवारको आँसुमा उभिएर गरिएको राजनीति कहिल्यै सफल हुन सक्दैन ।

सरकारले स्थानीय स्तरमा साना उद्योग र कृषिमा आधारित रोजगारी सिर्जना गर्नुपर्छ । विपन्न परिवारका लागि प्रभावकारी सामाजिक सुरक्षा कार्यक्रम हुनुपर्छ, जसले उनीहरूको न्यूनतम गाँस, बास र कपासको ग्यारेन्टी गरोस् । बजारमा हुने कालोबजारी र अस्वाभाविक मूल्यवृद्धिलाई कडाइका साथ नियन्त्रण गरिनुपर्छ । निर्वाचन आफैँमा नराम्रो कुरा होइन, यो त लोकतन्त्रको मेरुदण्ड हो । तर जब लोकतन्त्रले भोको पेटलाई सम्बोधन गर्न सक्दैन तब त्यो व्यवस्थामाथि नै प्रश्नचिह्न खडा हुन्छ । विपन्न परिवारको आँसुमा उभिएर गरिएको राजनीति कहिल्यै सफल हुन सक्दैन ।

त्यसैले आगामी निर्वाचनहरूमा नेताहरूले केवल मत माग्न मात्र नजाऊन्, बरु ती रित्ता थालहरू भर्ने ठोस योजना र इच्छाशक्ति लिएर जाऊन् । निर्वाचनभन्दा रोजिरोटीकै पिरलोमा रहेका नेपालीहरूको अनुहारमा जबसम्म मुस्कान आउँदैन, तबसम्म हाम्रो लोकतन्त्र अपुरो नै रहनेछ । अबको आवश्यकता भनेको अधिकारसहितको लोकतन्त्र हो, जहाँ भोक र भोटको लडाइँमा सधैँ भोक पराजित नहोस् र मानव गरिमाको विजय होस् । कुर्सीको लडाइँले अस्थिर सरकार निम्तिने अनि सरकारमा रहनेले पद र पैसाको दुरुपयोग गर्ने तर जनताका कथा र व्यथा ज्युँका त्युँ रहने प्रवृत्तिको छिट्टै अन्त्य हुनुपर्छ । मध्यावधि निर्वाचन अनावश्यक खर्च हो । यसलाई नियन्त्रण गरेर आवधिक निर्वाचनमै जोड दिन सके सर्वसाधारणको लागि चुनाव उत्सवको रुपमा लिन सकिन्छ र लोकतान्त्रिक गणतन्त्र व्यवस्थाप्रतिको साखलाई जोगाउन सकिन्छ ।

# हलेसीमा दर्शनार्थी बढ्दा पार्किङको समस्या



■ रामधन राई

> हलेसी तुवाचुङ नगरपालिका र इलाका प्रहरी कार्यालयको निगरानीमा रहने गरी हलेसी बजारआसपास तथा मन्दिर परिसरमा सिसी क्यामेरा जडान गरिएको हो ।

प्रसिद्ध त्रिधार्मिक स्थल खोटाङको हलेसीमा दर्शनार्थी भक्तजनहरुको संख्या बढ्दो रहेको छ । यातायातको सुविधासँगै दर्शनार्थी भक्तजनको संख्या बढिरहेको हो । हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल हलेसीमा स्वदेश तथा भारत, चीन, भुटान, बङ्गलादेश, दक्षिण कोरियालगायत विभिन्न राष्ट्रबाट दर्शनार्थी आउने गरेका छन् । हलेसी आउने अधिकांश दर्शनार्थीले आफ्नै सवारीसाधन लिएर आउने गरेकाले पार्किङ व्यवस्थापनमा समस्या देखिएको छ ।

यही शिवरात्रिमा मात्र करिब तीन हजारको हाराहारीमा भक्तजन तथा दर्शनार्थीहरु हलेसी आएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।हलेसीमा लागेको महाशिवरात्रि मेला भर्न आउने दर्शनार्थी तथा भक्तजनलाई सहजरुपमा पूजाआजा गर्ने वातावरण मिलाउन स्वयम्सेवक तथा प्रहरीसमेत परिचालन गरिएको थियो । राजधानी काठमाडौँलगायत तराईका विभिन्न जिल्ला जोड्ने मध्यपहाडी लोकमार्गको सडकखण्ड कालोपत्रे गरिएका कारण पनि हलेसी आउने अधिकांश दर्शनार्थी तथा भक्तजन आफैँले सवारीसाधन लिएर हलेसी आउने गरेका छन् ।

धार्मिक रुपमा मात्र नभई प्राकृतिक रुपले समेत विश्वप्रसिद्ध त्रिधार्मिक स्थल हलेसीको दर्शन तथा पूजाआजा गर्नाले मनोकांक्षा पूरा हुने जनविश्वास रहिआएको छ । चट्टान नै चट्टानले बनेको हलेसी मन्दिर आसपास महादेव गुफा, बसाहा गुफा, शिवपार्वती थान, भैरव गुफा, धर्मद्वार, पापद्वार, स्वर्गद्वारजस्ता विभिन्न द्वारहरू अवस्थित छन् ।

प्राकृतिक भू-बनोटको हिसाबले पनि विश्वकै नमुना मानिने खोटाङको हलेसीस्थित बसाहा गुफा महादेव गुफाको ठीक पछाडिपट्टि पर्दछ । जङ्गलको बीचमा अवस्थित बसाहा गुफाको करिब ५० मिटरभित्र छिरेपछि देखिने आकाशको दृश्य मनमोहक रहेको छ ।

हलेसीमा शिवरात्रि, रामनवमी, बालाचर्तदशी, हरितालिका तीज, बोलबमलगायतमा ठूलो मेला लाग्ने गरेको छ । पछिल्लो समय दर्शनार्थी तथा भक्तजनको बाक्लो भीड लाग्न थालेपछि आपराधिक घटना हुन नदिन सिसी क्यामेरा जडान गरिएको छ । हलेसी तुवाचुङ नगरपालिका र इलाका प्रहरी कार्यालयको निगरानीमा रहने गरी हलेसी बजारआसपास तथा मन्दिर परिसरमा सिसी क्यामेरा जडान गरिएको हो ।

दैनिक सयौँको सङ्ख्यामा भक्तजन तथा पर्यटकको घुइँचो लाग्ने हलेसी मन्दिर परिसरमा पर्यटक गणकयन्त्र र सौर्यबत्तीसमेत जडान गरिएको छ । उज्यालो हलेसी कार्यक्रमअन्तर्गत तत्कालीन १ नम्बर प्रदेश सरकार, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयको १० लाख रुपियाँ लागतमा हलेसी मन्दिर परिसरका विभिन्न २६ ठाउँमा सौर्यबत्ती जडान गरेर सञ्चालनमा ल्याइएको हो । अब दिगोरुपमा पार्किङ व्यवस्थापनका लागि समयमै सोच्नुपर्ने भएको छ ।

# पर्यावरण संरक्षण र सुरक्षामा नेपाली सेना



धरान (सुनसरी) । नेपाली सेनाले केवल सुरक्षा र शान्ति कायम राख्न मात्र नभई प्रकृति संरक्षणमा पनि महत्वपूर्ण भूमिका विस्तार गर्दै आएको छ । वन, जलस्रोत र जैविक विविधताको संरक्षणदेखि प्राकृतिक विपद् का बेला उद्धार कार्यसम्म, सेनाका विभिन्न अभियानले वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ ।

नेपाली सेनाले सुरक्षा मात्र नभई चुरे क्षेत्रको संरक्षण, प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन, जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षति न्यूनीकरणमा पनि महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

राष्ट्रिय सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि नेपाल सरकारले २०६९ माघ ४ गते नीतिगत निर्णय गरी वन तथा पर्यावरण सुरक्षा निर्देशनालय स्थापना गरेको थियो ।

निर्देशनालयको संरचनामा वन तथा पर्यावरण सुरक्षा गण नं १ र नं.२ रहेका छन् । दुबै गणले देशभर ३७ जिल्लामा चुरे संरक्षण अभियानमा सक्रिय रूपमा सहभागी हुँदै आएको सेनाले जनाएको छ ।

श्री नं.१ गण, रानीवास ब्यारेक, सिन्धुली जिल्लामा तैनाथ रहँदै नारायणी नदी पूर्वतर्फका १५ जिल्लामा चुरे संरक्षण र संवर्द्धनको जिम्मेवारी निरन्तर रूपमा सम्पादन गर्दै आएको छ भने श्री नं २ गण २०७१ वैशाख १ गतेदेखि नवलपरासी बर्दघाट सुस्त पूर्व जिल्लाको कावासोतीस्थित हात्तीखोरमा तैनाथ रहँदै नारायणी नदी पश्चिमतर्फका २२ जिल्लामा चुरे शृङ्खलाको संरक्षण र संवर्द्धन कार्य सञ्चालन गर्दै आएको सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले बताए ।

चुरे क्षेत्रका प्राकृतिक स्रोतहरूको संरक्षण र सदुपयोग गर्दै सम्भावित क्षयीकरण न्यूनीकरण गर्ने र स्थानीय जनताको जीवनस्तर सुधार गरी गरिबी तथा असमानता घटाउन सहयोग पुरयाउने उद्देश्यले २०६६-६७ सालदेखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सुरु भएको थियो ।

चुरे क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गरी तराई-मधेश क्षेत्रका १६४ नदी प्रणाली र तिनका जलाधार क्षेत्रहरूको व्यवस्थापनका लागि नेपाल सरकारले २०७१ असार २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरेको थियो । आव २०७१/७२ देखि यो कार्यक्रम राष्ट्रिय गौरवको आयोजनाका रूपमा सञ्चालन हुँदै आएको सेनाले जनाएको छ ।

राष्ट्रिय पुँजी र अर्थतन्त्रको विकास गर्न साथै प्रकृतिको संरक्षण र संवर्द्धनसहित पर्यटन उद्योग एक महत्वपूर्ण क्षेत्रका रुपमा लिइन्छ समग्र चुरे क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गरी, नेपाल सरकार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, नेपाली सेना र अन्य सरोकारवालाहरूसँग समन्वयमा प्रत्येक वर्ष असार २ गते चुरे दिवस बृहत् वृक्षरोपण तथा विशेष कार्यक्रमका साथ मनाउने गरिए पनि प्रवक्ता बस्नेतले जानकारी दिए ।

पर्यावरण संरक्षण र सुरक्षामा नेपाली सेनाको इतिहास भूमिका निकै लामो र समृद्ध छ । विगतका दशकदेखि सेनाले जङ्गल, नदी, जलाशय, जैविक विविधता र प्राकृतिक स्रोतहरूको संरक्षणमा सक्रियता भूमिका खेल्दै आएको छ ।

वृक्षरोपण, तटबन्ध निर्माण, ताल-तलैया संरक्षण, प्राकृतिक विपद् व्यवस्थापन र समुदायसँगको सहकार्यमार्फत सेनाले वातावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण काम गर्दै आएको सेनाले जनाएको छ ।

विगतदेखि नै चुरे तराई-मधेश क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् । आर्थिक वर्ष २०७२/७३ देखि २०८१/८२ सम्म सम्पन्नको तथ्याङ्क हेर्दा सेनाले महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको छभने तारबारसहितका सिराहा, सप्तरी, सिन्धुली, नवलपरासी र दाङ जिल्लामा एक हजार ६८२.२२ हेक्टर जमिनमा वृक्षरोपण भएको छभने ४८ हजार ९०४ मिटर तारबार निर्माण सम्पन्न गरेको छ ।

सेनाले ताल तलैयाहरुको संरक्षण गरिरहेको छ । सुनसरी, सर्लाही, रौतहट, सिराहा, रुपन्देही, बर्दिया, कैलाली, चितवन, नवलपरासी, सप्तरीलगायत २२ जिल्लामा तालतलैयाको संरक्षण, संवर्द्धन र पुनर्निर्माण गरेको छ ।

सिराहा, सप्तरी, सिन्धुली, उदयपुर, नवलपरासी, दाङ र सुनसरी जिल्लामा एक हजार १४४ मिटर तटबन्ध निर्माण गरी स्थानीय बस्ती तथा कृषि क्षेत्र संरक्षणमा महत्वपूर्ण योगदान दिइरहेको छ । वृक्षरोपण कार्यलाई प्रभावकारी बनाउन लागि गणहरूमा 'सेड हाउस' स्थापना गरी आवश्यकतानुसार बिरुवा उत्पादन गर्दै आइरहेको सैनिक प्रवक्ता बस्नेतले जानकारी दिए ।

नेपाली सेनाले संरक्षणअन्तर्गत तयार पारेका संरक्षित क्षेत्रहरू स्थानीय सामुदायिक वन समितिलाई हस्तान्तरण गर्दै आएको छ । २०७२ साल असार ३० गते सप्तरी जिल्ला, खडक नगरपालिका-४ अमाहा क्षेत्रमा श्री नं १ वन तथा वातावरण सुरक्षा गणबाट ५०१.९५ हेक्टर जमिनमा पाँच लाख १५ हजार ९४१ बिरुवा रोपियो भने चार हजार १३० मिटर तारबार र १३६ मिटर तटबन्ध निर्माण गरी २०८० चैत २१ गते सम्बन्धित सामुदायिक तथा वन समितिलाई हस्तान्तरण गरिएको सेनाले जनाएको छ ।

त्यसैगरी, दाङ तुलसीपुर उपमहानगरपालिका-१३ अम्बापुरमा श्री नं २ गणले १७९.६ हेक्टर जमिनमा दुई लाख ८५ हजार ४२० बिरुवा रोपण र १७ हजार १५५ मिटर तारबार निर्माण गरी २०८२ कात्तिक ११ हस्तान्तरण गरियो ।

सिराहा मिर्चैया नगरपालिका-६ स्थित सत्नाचौरीमा श्री नं १ गणबाट तैनाथ सेनाले ३१३ हेक्टर जमिनमा चार लाख ५५ हजार ४०० बिरुवा रोपण, १२ हजार ४६० मिटर तारबार र १७५.३५ मिटर तटबन्ध निर्माण गरी २०८२ मङ्सिर ११ गते सामुदायिक वन समितिलाई हस्तान्तरण गरेको सेनाले जनाएको छ ।

सेनाको चुरे संरक्षणमा दिगो योगदान मात्र नभई स्थानीय समुदायको जीवनस्तर सुधार र वातावरणीय सन्तुलन कायम राख्न पनि महत्वपूर्ण भूमिका निर्वाह रहेको छ ।

नेपाल सरकारले २०७१ असार २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरेपछि समितिका कार्यक्रम कार्यान्वयन इकाइहरू सलकपुर (मोरङ), जनकपुर, भरतपुर, बुटवल र कैलालीलगायत स्थानीय निकाय, क्षेत्रीय जिल्ला वन कार्यालय तथा स्थानीय सामुदायिक वनहरूसँग सहकार्य र समन्वय गर्दै पर्यावरण संरक्षणका कार्यहरू सञ्चालन हुँदै आएका छन् ।

सेना प्रवक्ता सहायक रथी बस्नेतका अनुसार कार्यक्रमका माध्यमबाट चुरे क्षेत्रका राष्ट्रिय वन, जङ्गल, प्राकृतिक वनस्पति, जीवजन्तु, जैविक विविधता, जलाधार क्षेत्र, रामसार र सिमसार क्षेत्रहरूको संरक्षण, संवर्द्धन र सुरक्षा गर्दै जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुगेको छ । क्षतिग्रस्त जमिनहरूमा वृक्षरोपण, ताल-तलैया संरक्षण र पुनर्निर्माण, पानीका स्रोतहरूको वृद्धि, जङ्गली जनावरहरूको आवासस्थल सुधार र आन्तरिक पर्यटनको प्रवर्द्धनले स्थानीय समुदायको आयआर्जनमा पनि टेवा पुगेको छ ।

वन तथा पर्यावरण संरक्षण कार्यमा तैनाथ सेनाले नियमित पेट्रोलिङ, निगरानी र सुरक्षा कार्य गर्दै वन अतिक्रमण तथा चोरी-निकासी नियन्त्रणमा योगदान दिएको छ । वार्षिक रूपमा सञ्चालन हुने चुरे संरक्षण दिवसका अवसरमा राष्ट्रपतिबाट वृक्षरोपण कार्यक्रम सञ्चालन हुँदा राष्ट्रियस्तरमा यस कार्यक्रमको महत्व झन् बढेको छ ।

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण समितिसँगको सहकार्यमा नेपाली सेनाले सप्तरी, खडक नगरपालिका अमाहा क्षेत्रका सामुदायिक वनहरू (राजाजी, सिंहस्रा, गोबराहा, खुदिमाथी र बोची) मा विभिन्न प्रजातिका पाँच लाख ४२ हजार ८९१ बिरुवा वृक्षरोपण गरी स्थानीय समुदायलाई हस्तान्तरण गरेको सेनाले जनाएको छ । त्यसैगरी, सिरहा, मिर्चैया नगरपालिका-६ स्थित सामुदायिक वनहरु बजरङ्गबली, मण्ठादेवी, रामनगर खोरिया र जिवा ठाकुरमा चार लाख आठ हजार ९०० बिरुवा वृक्षरोपण र हस्तान्तरण गरेको छ । सिरहा, धनगढीमाई नगरपालिका-१२ र १३ मा वृक्षरोपण, तारबार र तटबन्ध निर्माण, सिन्धुली कमलामाई नगरपालिका झुँगा र गोगनपानीमा तारबार र वृक्षरोपण सप्तरीको सुरुङ्गा मछ्याही ताल पुनर्निर्माण, प्रकृति र वातावरण संरक्षण कार्यमा सक्रिय योगदान दिँदै आएको छ ।

यसैगरी, दाङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व र पश्चिम) का ५८.९२ हेक्टर जमिनमा ९४ हजार २७२ बिरुवा रोपण र तीन हजार ३७ मिटर तारबार निर्माण गरेको छ । २०८२ असार २ गते नवलपरासी, कावासोती-३ मा २८ बिगाहास्थित ज्योतिकुञ्ज सामुदायिक वनमा छ हेक्टर खाली जमिनमा राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा बृहत् वृक्षरोपण गरिएको सेनाले जनाएको छ ।

सेनाले चुरे संरक्षण, पर्यावरणीय सन्तुलन कायम राख्न, स्थानीय समुदायको जीवनस्तर सुधार्न र जलवायु परिवर्तन तथा प्राकृतिक जोखिम न्यूनीकरणमा दिगो योगदान पुऱ्याउँदै आएको छ ।

नेपाली सेनाले चुरे संरक्षण र सामुदायिक वन व्यवस्थापनमा योगदान पुऱ्याउन आफ्नो नर्सरी युनिटमार्फत बिरुवा उत्पादन गर्दै आएको छ । युनिटमा बीउ-बिजन सङ्कलन गरी विभिन्न प्रजातिका खयर, बकाइनो, सित्तलचिनी, शिरिष, अस्ट्रेलियन बबुल, साल, कपुर, बेल, रक्त चन्दन, जामुन, राजवृक्ष, कागती, अशोका, हर्रो, बर्रो, सिमल, तेजपत्ता, पारिजात, बयर, कटहरलगायतका बिरुवा हुर्काउने कार्य भइरहेको छ ।

## रामेछाप डायरी

## रामेछाप बजार तत्कालै कालोपत्रे हुँदै, घर टहरा भत्काउन थालियो



रामेछाप- रामेछापको पुरानो सदरमुकाम समेत रहेको रामेछाप नगरपालिकाको केन्द्र रामेछाप बजारको सडक अब भने तत्कालै कालोपत्रे हुने भएको छ । सेलेघाट-रामेछाप-साँघुटार सडक आयोजना अन्तर्गत पर्ने यो सडकको मापदण्ड क्षेत्र भित्रपर्ने घर टहरा भत्काउन थालिएको हो ।

बजार क्षेत्रमा भत्किने घरहरुको मुआब्जा वितरण भैसकेको तर रकम लिएर पनि घर नभत्काएपछि वडा कार्यालयले अन्तिम पटक १५ दिने सूचना जारी गरेको थियो । वडा कार्यालयले अन्तिम सूचना जारी गरे लगतै घर टहरा भत्काउने काम भएको हो ।

अहिले बजार क्षेत्रमा सडकको लेबल मिलाउने,पर्खाल लगाउने, घर टहरा भत्काउने लगायतका कामहरु भैरहेको छ । रामेछाप मानेँडाँडा बुद्धचोकदेखी माथिल्लो बजारसम्म करिब १५ सय मिटर(१.५) किलोमिटर सडक अब भने केही महिनाभित्रै कालोपत्रे हुने वडा नं ८ का वडाअध्यक्ष वडाअध्यक्ष सन्तोष तामाङले बताउनुभयो ।

रामेछापको मन्थली नगरपालिका-६ सेलेघाटदेखि रामेछाप बजार हुँदै साँघुटारसम्म गरी करिब ५० किलोमिटर दुरीमा रहेको निर्माणाधीन सेलेघाट-रामेछाप-साँघुटार सडकको काम सुस्त गतिमा अघि बढेको छ । अहिलेसम्म सलेघाटदेखी ल्याङल्याङसम्म करिब ११ किलोमिटर सडक कालोपत्रे भएको छ । बजार क्षेत्रको मुख्य सडकको अवस्था दयनिय बनेपछि नागरीक,स्थानिय सरकार लगायत सरोकारवालाहरुले सडक छिटो मर्मत र स्तरोन्नति गर्न बारम्बार आग्रह गर्दै आएका थिए । निर्माण कम्पनीले रामेछाप बजारको काम तत्कालै सकेर बाँकी काम पनि अघि बढाउने तयारी गरेको हो ।

भारतीय एक्जिम बैङ्क मार्फत बन्ने यो सडक निर्माणको जिम्मा भारतीय निर्माण कम्पनी टेलिकम्युनिकेसन इन्डिया लिमिटेड (टीसीआईएल)ले पाएको छ । सो कम्पनीले नेपाली निर्माण व्यवसायीलाई काम जिम्मा दिएको छ ।

सन् २०२० को नोभेम्बर ११ मा सुरु भएको आयोजना २०२३ को मे १० भित्र कूल १ अर्ब ९४ करोड ७१ लाख रुपैयाँमा सक्नुपर्ने गरी सम्झौता भएको थियो । निर्धारित समयमा काम सम्पन्न नभएपछि निर्माण कम्पनीले बारम्बार म्याद थप्दै लगेको थियो । अब भने द्रुत गतिमा काम हुने अपेक्षा नागरीकको छ ।

# छायाँनाथ रारा नगरपालिकामा श्रम बैंक




मुगु । श्रमबाटै सम्मृद्धि सम्भव हुन्छ भन्ने उद्देश्यले छायाँनाथ रारा नगरपालिकाले श्रम बैंक खोल्नेसम्बन्धी कार्यविधि पारित गरेको छ । नगर प्रमुख विष्णुकुमार भामले उक्त कार्यविधि राजपत्रमार्फत सार्वजनिक गरेका छन् ।

नगरप्रमुखमा निर्वाचित भएदेखि प्रत्येक शनिबार नगरक्षेत्रका विभिन्न स्थानमा श्रमदानमा खटिँदै आएका प्रमुख भामले श्रमदानलाई निरन्तरता दिन, श्रमदान संस्कृति जोगाइराख्न र कम लागतका सानातिना समस्या श्रमदानबाटै समाधान गर्नका लागि कार्यविधि ल्याइएको बताए ।

यसअघि स्वतःस्फूर्त रुपमा श्रमदान गर्न स्थानीय, कर्मचारी, सुरक्षाकर्मी, व्यवसायी सहभागी भए पनि को-को आए, कति घण्टा काम गरे, कतिपटक श्रमदानमा सहभागी भए भन्ने तथ्याङ्क राख्ने गरिएको थिएन । अब नगरपालिकामा सबै श्रमदान गर्नेहरुको रेकर्ड राखिनेछ ।

'यो कामको जिम्मेवारी रोजगार शाखाले हेर्नेछ र शाखा मातहतमै श्रमदान बैंक स्थापना हुनेछ', उनले भने । बैंक भन्नेबित्तिकै पैसा जम्मा गर्ने, झिक्ने, ऋण लिने र दिने कुरा आउँछन् । तर यस बैंकमा प्रत्येक शनिबार नगरप्रमुखको अगुवाइमा हुने श्रमदानमा सहभागीहरुको श्रमदान गरेको घण्टा जम्मा हुनेछ । बैंक खाता खोल्न र खातामा घण्टा जम्मा हुनलाई कम्तीमा श्रमदानको दिन दुई घण्टा श्रमदान हुनुपर्छ ।

श्रमदाता सबैको उक्त बैंकमा खाता खोलिनेछ । खातामा सबैको श्रमदानको घण्टा रेकर्ड राखिनेछ । श्रमदानमा सहभागी भएको र काम गरेको अवधि खातामा जम्मा हुनेछ । कार्यविधिमा श्रमदातामा जम्मा भएको घण्टाका आधारमा श्रमदातालाई नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधामा सहुलियत दिने दिने व्यवस्था गरिएको छ ।

श्रमदान गर्ने व्यक्तिले लिएको सेवासुविधाका आधारमा जम्मा भएका घण्टा खर्च हुँदै जानेछ भने थप श्रमदान गरे घण्टा जम्मा हुनेछ । श्रमदाताहरुले विभिन्न सिफारिस शुल्क छुट, स्वास्थ्य सेवा सहुलियत, यातायात सहुलियत, शैक्षिक सहुलियत र बिमालगायतमा सुविधा पाउनेछन् ।

'आफ्नो व्यक्तिगत कामलाई थाती राखेर विनाज्याला निःशुल्क श्रमदान गर्ने व्यक्तिहरुको सम्मानका लागि छुट भएका वा आवश्यक देखिएका थप सेवासुविधा पनि कार्यविधिमा थपघट गर्दै लगिनेछ भने वर्षभरिमा सबैभन्दा बढी श्रमदानमा सहभागी हुने र बढी घण्टा श्रमदान बैंक खातामा जम्मा गर्ने श्रमदातालाई सम्मान गरिनेछ', कार्यविधिमा भनिएको छ ।

# हाम्रो झण्डा जलाउनेको चुनाव प्रचार रोक्छौं : पुष्पराज

काठमाडौं । नेकपा एमालेले बनाएको नेशनल भोलिन्टियर फोर्सका संयोजक पुष्पराज श्रेष्ठले आफ्नो पार्टीको झण्डा जलाउने र तोड्ने काम भयो भने आफूहरू पनि चुप लागेर नबस्ने चेतावनी दिएका छन् ।

झापा-५ मा सोमबार आयोजित चुनावी सभालाई सम्बोधन गर्ने क्रममा यस्तो चेतावनी दिएका हुन् ।

'यो सरकारलाई चुनौती दिन चाहन्छौं, हाम्रो झण्डा श्रमजिवी वर्गको झण्डा हो । हाम्रो झण्डा आस्थाको झण्डा हो । यसलाई जलाउने र तोड्ने काम भयो भने अझै पनि सच्चिएन भने यो देशमा सारा युवा, भोलिन्टियर शक्ति परिचालित भएर तपाईंहरूलाई पनि चुनाव प्रचारका हरेक ठाउँमा रोक लगाउनेछौं,' उनले भने ।

उनले वर्तमान सरकार र प्रहरी प्रशासनले साना साना विषयमा पनि सुरक्षा दिन नसकेको भन्दै ध्यानाकर्षण गराए ।

'हरेक ठाउँमा सानो सानो कुरामा पनि सुरक्षा दिन सकेको छैन । हाम्रो अस्ति भर्खरै पार्टीको झण्डा जलाउने काम भयो,' श्रेष्ठले भने, 'त्यसमा पनि यो प्रहरी प्रशासन र सरकार निरीह भएर बसेको हामीले देखेका छौं,' श्रेष्ठको भनाइ छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३०,
२०८२ साल फागुन १२ गते मंगलबार
24 FEBRUARY 2026, TUESDAY

# कुमारी बैंकलाई सूचना सुरक्षा प्रमाणपत्र



काठमाडौं । कुमारी बैंकले अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त आइएसओरआइइसी २७००१:२०२२ सूचना सुरक्षा व्यवस्थापन प्रणाली प्रमाणपत्र प्राप्त गरेको छ । यस प्रमाणपत्रले बैंकको सूचना सुरक्षा नीति, प्रक्रिया तथा नियन्त्रणहरू अन्तर्राष्ट्रिय मापदण्डअनुरूप रहेको देखाएको कम्पनीको दाबी छ ।

आइइसी मूलतः ९३ वटा नियन्त्रणहरू हुन्छन्, जसलाई अर्गनाइजेसनल (३७) पिपुल (८), फिजिकल (१४) र टेक्नोलोजी (३४)मा विभाजन गरिएको हुन्छ ।यी नियन्त्रणहरू कार्यान्वयन भए नभएको स्वतन्त्र बाह्य अडिटमार्फत सुनिश्चित गरी यो प्रमाणपत्र प्रदान गरिन्छ ।

यस प्रमाणपत्रले बैंकको सूचना सुरक्षा जोखिम पहिचान, मूल्यांकन तथा व्यवस्थापन गर्ने राम्रो क्षमता रहेको र सो अन्तर्राष्ट्रिय मापदण्डबमोजिम रहेको सुनिश्चित गरेको बैंकले जनाएको छ ।

साथै यस प्रमाणपत्रमार्फत बैंकले ग्राहकहरुको तथ्याङ्क सुरक्षित तथा गोप्य राखेको, आवश्यक परेको बेला उपलब्ध गराउने, अनधिकृत पहुँचबाट जोगाउने गरेको र सुदृढ सुरक्षा प्रणाली कार्यान्वयन गरिरहेको प्रमाणित भएको बैंकले जनाएको छ ।

डिजिटल बैंकिङ सेवाहरूको तीव्र विस्तारसँगै साइबर सुरक्षा र डाटा गोपनीयता ग्राहक तथा सरोकारवालाहरूको प्रमुख चासोको विषय बनेको अवस्थामा यस बैंकले मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, कार्ड सेवा तथा आन्तरिक प्रणालीहरूमा उच्चस्तरीय सुरक्षा मापदण्डहरू लागु गरेको छ ।

# सर्वसम्मतरुपमा नेतृत्व चयन गर्न अध्यक्ष ढकालको आग्रह



काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले आगामी साधारण सभाबाट सर्वसम्मतरुपमा नेतृत्व चयन गर्न आग्रह गरेका छन् ।

महासंघका उपाध्यक्ष हेमराज ढकालले नेतृत्व गरेको प्यानलको उम्मेदवारी घोषणा सभामा अध्यक्ष ढकालले उद्योगी, व्यवसायीका आवाजलाई थप सशक्त बनाउन सबै एकजुट भएर अगाडि बढ्नुपर्ने बताए ।

'उद्योगी व्यवसायीका समस्या समाधान गर्न र आवाज सम्बन्धित ठाउँमा पुऱ्याउन सबैलाई मिलेर जान मेरो आग्रह छ,' ढकालले भने ।

उनले उम्मेदवारी घोषणा गरेका व्यवसायीहरु सबै अनुभवी र अब्बल रहेको बताए ।

'अर्को टिमबाट पनि प्यानल घोषणा हुने खबर पाएको छु । तर मेरो आग्रह छ सबै एक भएर अघि बढ्नुस्,' अध्यक्ष ढकालले भने, 'मिल्न नसक्ने भए स्वस्थ प्रतिस्पर्धा गर्नुँहोला । दुवै पक्षलाई मेरो शुभकामना ।'

महासंघको डेढ महिनापछि हुने ६०औं वार्षिक साधारण सभाले नयाँ नेतृत्व चयन गर्नेछ । त्यसका लागि उपाध्यक्ष ढकालले वरिष्ठ उपाध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन् । उनको प्यानलबाट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठ, उमेश डालमिया, कल्पना गैरे, नरेशलाल श्रेष्ठ र कमला श्रेष्ठको उम्मेदवारी घोषणा गरिएको छ ।

# खराब कर्जाले दबाबमा लघुवित्त

काठमाडौं । खराब कर्जा बढेर थपिएको नोक्सानीले पुँजीकोषमा दबाब बढेपछि लघुवित्त संस्थाहरु आफूलाई सहज हुने व्यवस्थाका लागि लबिङमा लागेका छन् । लघुवित्तहरुले रेगुलेटरी रिजर्भमा रहेको पैसालाई पुँजीकोषमा गणना गराउनका लागि लबिइङ थालेका हुन् ।

ऋण असुलीमा देखिएको समस्याले खराब कर्जा बढेपछि लघुवित्तहरु दबाबमा परेका छन् । त्यही कारण उनीहरुले बढेको प्रोभिजनिङले खुम्चिएको पुँजीकोषमा रेगुलेटरी रिजर्भ जोड्न पाउनुपर्ने व्यवस्था चाहेका छन् ।

लघुवित्तहरुको उठ्न बाँकी ब्याज आम्दानीलाई नाफामा देखाएर त्यसबाट कर तिर्नुका साथै कर्मचारीलाई बोनस बाँडिसकेपछि बाँकी रहेको पैसा रेगुलेटरी रिजर्भमा जान्छ ।

रिगुलेटरी रिजर्भमा रहेको पैसाबाट लाभांश बाँड्न पाइँदैन । साथै, त्यसलाई पुँजीकोषमा समेत जोड्न नपाउने व्यवस्था छ । लघुवित्तले ब्याज आम्दानी उठिकसकेपछि मात्रै नाफामा देखाउन पाउँछन् ।




विजय लघुवित्तका सीइओ वसन्त लम्साल पुँजीकोषको समस्यामा सहजीकरण स्वरुप रेगुलेटरी रिजर्भको पैसा पुँजीकोषमा गणना गर्न दिनुपर्ने व्यवस्थाका लागि आफूहरुले ताकेता गरिरहेको बताउँछन् ।

'खराब कर्जाले बढेको कर्जा नोक्सानीले अधिकांश संस्थाहरुमा पुँजीकोषको दबाब छ,' लम्सालले भने,' पुँजीकोष दबाबका कारण व्यवसाय नै प्रभावित भइरहेको छ । त्यसैले हामीले राष्ट्र बैंकबाट सहजीकरण चाहेका छौं । त्यो भनेको रेगुलेटरी रिजर्भलाई पुँजीमा गणना गर्न दिनुपर्छ भन्ने हो ।'

राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात कायम गर्न नसके संस्थाहरु नियामकीय जोखिममा पर्ने मात्र होइन, कर्जा विस्तारमा समेत लगाम लाग्छ ।

लघुवित्त संस्थाहरुको औसत खराब कर्जा बढेर चालु आवको दोस्रो त्रैमाससम्म १०.४२ प्रतिशत पुगेको छ । यस अवधिमा ४३ वटा लघुवित्तको खराब कर्जा बढेको छ । २० वटा लघुवित्तको खराब कर्जा १० प्रतिशतभन्दा माथि छ ।

खराब कर्जा बढ्दा, नाफा घट्दा वा जोखिम भारित सम्पत्ति तीव्र गतिमा बढ्दा पुँजीकोषमा दबाब हुन्छ । पुँजीकोष दबाबको प्रत्यक्ष असर कर्जा प्रवाहमा पर्छ ।

चालु आर्थिक वर्ष दोस्रो त्रैमाससम्म वित्तीय विवरण सार्वजनिक गरेका ५० मध्ये २९ लघुवित्तको पुँजीकोषमा दबाब छ । पाँच वटा लघुवित्तको पुँजीकोष नियामकीय प्रावधानभन्दा तल छ । २१ वटा लघुवित्त भने सहज अवस्थामा देखिन्छन् ।

लघुवित्तहरुले ४ प्रतिशत प्राथमिक र ४ प्रतिशत पूरक गरी कूल ८ प्रतिशत पुँजीकोष कायम गर्नुपर्छ । पुँजीकोष न्यूनतम सीमाभन्दा तल झरेमा नियामकले लाभांश वितरणमा रोक लगाउने, नयाँ शाखा विस्तारमा नियन्त्रण गर्ने वा व्यवसाय विस्तारमा प्रतिबन्ध लगाउने जस्ता कदम चाल्छ ।

चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई गैर बैंकिङ सम्पत्तिबाट सिर्जना भएको रेगुलेटरी रिजर्भलाई पुँजीकोषमा गणना गर्ने सुविधा दिएको छ ।

बैंक तथा वित्तीय संस्थाले गैर बैंकिङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म सम्पत्तिबापत सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न पाउने सुविधा दिएको छ ।

लघुवित्त संस्थाहरुले रेगुलेटरी रिजर्भलाई पुँजीमा गणना गर्ने व्यवस्थाका लागि लबिइङ गरिरहे पनि राष्ट्र बैंकले भने यस विषयमा छलफल चलाएको छ । राष्ट्र बैंकका एक अधिकारीले पुँजीकोषमा दबाबका कारण कर्जा प्रवाहमा समस्या भएपछि लघुवित्त संस्थाहरुले रेगुलेटरी रिजर्भमा रहेको रकम पुँजीकोषमा गणना गर्न दिनुपर्ने माग गरिरहेको बताए ।

'अहिले अधिकांश संस्थामा पुँजीकोष दबाब छ । केही संस्थाले त सीमा कायम गर्न पनि सकेका छैनन् । त्यही भएर उनीहरुले रेगुलेटरी रिजर्भलाई पुँजीकोषमा गणना गर्नुपऱ्यो भनिरहेका छन् । तर हामीले यस विषयमा छलफल चलाएको अवस्था छैन,' ती अधिकारीले भने, 'तर पुँजीकोषमा सहजीकरणका लागि के विकल्प दिने भनेर छलफल गर्न सकिन्छ ।'

# शताब्दी पुरानो सहकारीमा किसान र खुद्रा बजार एउटै छातामुनि

काठमाडौं- भारतमा एक शताब्दीअघि सानो गाउँमा सुरु भएको एउटा सहकारी आज ग्रामीण अर्थतन्त्रको बलियो आधार बनेको छ ।

सन् १९२६ मा स्थापना भएको भारतको पुणेस्थित महर्षी कास्टी विविध कार्यकारी सेवा सहकारी सोसाइटीले समयसँगै आफूलाई परम्परागत मल-बीउ बेच्ने संस्थाबाट बहुआयामिक ग्रामीण व्यावसायिक केन्द्रमा रूपान्तरण गरि गाउँको आर्थिक चक्र चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरेको छ ।

सहकारीले केवल बचत-ऋण मात्र होइन, उत्पादन, बजारीकरण र सेवा वितरणलाई पनि जोडेर काम गर्दै आएको छ । कास्टी सोसाइटीभित्र सहकारीले ३२ वटा पसल संचालन गरिरहेको छ । जहाँ मेडिकल सामग्रीदेखि सम्पूर्ण उपभोग्य वस्तु पाइन्छ ।

सोसाइटीमा मल र विषादीदेखि मिठाई, घरायसी सामान, रेडिमेड कपडा र जुत्ता किन्न ग्राहकको भिड लाग्ने गरेको छ । सहकारीले सञ्चालन गरेका पसल गाउँकै आर्थिक केन्द्र बनेका छन् ।

बजारमाभन्दा सस्तो मूल्यमा गुणस्तरीय सामान उपलब्ध गराउनु, बिचौलिया घटाउनु र किसान-उपभोक्ता दुवैलाई प्रत्यक्ष लाभ दिनु सहकारीले सञ्चालन गरेका पसलको उद्देश्य हो ।

यसबाहेक सहकारीले स्थानीय उत्पादन र उपभोगलाई प्रोत्साहन गर्न विभिन्न डिपार्टमेन्टल स्टोर सञ्चालन गर्दै आएको छ, जहाँ ५० जना कर्मचारी कार्यरत छन् ।

ग्राहकले पसलमा सस्तो मूल्यमा सामान पाउँछन् । सहकारीका पसलले व्यवसाय बढाएर नाफा कमाए त्यो सदस्य किसानकै हातमा पुग्छ । सहकारीले आफूले कमाउने नाफा लाभांश वा सेवा सुविधाका रूपमा रुपमा सदस्यलाई बाँड्ने गरेको छ ।

सहकारीले ग्राहक सदस्यलाई बचत गर्न अनिवार्य गरेको छैन । बचत अनिवार्य नगरी सेयर खरिदमार्फत सहकारीले सदस्यको सहभागिता बढाउने गरेको छ । अहिले सहकारीमा करिब १३ सय सदस्य छन् । सहकारीको नयाँ सदस्य बन्न सेयर खरिद गर्नुपर्छ । प्रति कित्ता सेयर मूल्य ९०० सय रुपैयाँ तोकिएको छ, जसमध्ये ८०० रुपैयाँ जगेडा कोषमा राखिन्छ ।

सहकारीका अध्यक्ष बाजपुटे सदस्यबाट बचत लिँदा त्यसले दायित्व सिर्जना गर्ने भएकाले सेयरलाई मात्रै प्राथमिकतामा राखेको बताउँछन् । 'सदस्यलाई अनिवार्य बचतको व्यवस्था गरेका छैनौं । बचत लिएपछि त्यसको केही ब्याज रिटर्न गर्नुपर्ने हुन्छ । ब्याज दिँदा त्यसले दायित्व बढाउने भयो,' उनले भने, 'दायित्व भएपछि बचतबाट धेरै कमाउनु पर्ने प्रेसर हुन्छ । धेरै कमाउने प्रेसर भएपछि सस्तो दरमा लगानी गर्न सकिंदैन । त्यसकारण हामीले सदस्यलाई बचत अनिवार्य गरेका छैनौं ।'

सहकारीले उखु खेती गर्न प्रोत्साहन गरेको छ । आफ्ना सदस्य किसानलाई सहकारीले उखु उत्पादनका लागि प्रति सिजन ७० हजार भारुसम्म ऋण उपलब्ध गराउँदै आएको छ । किसानले मासिक रुपमा किस्ता तिर्नु पर्दैन ।

किसानले सिजनल हिसाबले साँवा ब्याज भुक्तानी गर्नुपर्छ । यसले किसानको उत्पादन क्षमता र आम्दानी दुवै बढाउन सहयोग पुऱ्याएको बाजपुटेले बताए ।

उनका अनुसार सहकारीले कास्टी गाउँको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । 'हाम्रो उद्देश्य ग्राहक सदस्यलाई सस्तो र सुलभ मूल्यमा उपभोग सामग्री उपलब्ध गराउने हो,' उनले भने, 'त्यसकारण हामीले मेडिकल सेवादेखि सम्पूर्ण उपभोग सामग्री एउटै ठाँउबाट दिइरहेका छौं ।'

सहकारी परिसरभित्र चहलपहल सानो बजारमा भन्दा कम हुँदैन । सदस्य किसान र स्थानीय उपभोक्ता पसलका ग्राहक हुन् । ती पसलले ग्राहकलाई बीउ, मल, विषादी, सिँचाइ, कृषि औजार खरिदका लागि सहकारीमार्फत सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउँछन् ।

बजारमा चलेको भन्दा कम ब्याजदरमा किस्ताबन्दीमा बाली चक्र अनुसार पाउने ऋणले किसानलाई निक्कै सहज भएको छ । सहकारीमा सदस्य किसान नै सञ्चालक छन् । 'एक सदस्य, एक मत' प्रणाली लागू गरिएको छ ।

पुँजी अभाव, महँगो कृषि सामग्री र बजारको अन्योलजस्ता समस्यालाई सम्बोधन गर्दै 'सहकार महर्षी कास्टी विविध कार्यकारी सेवा सहकारी सोसाइटी'ले सदस्य-केन्द्रित मोडलमार्फत सेवा विस्तार गरेको छ ।

सहकारीले उत्पादनदेखि बजारीकरणसम्मको एकीकृत प्रणाली अपनाएर सदस्यको आर्थिक लागत घटाउन भूमिका निर्वाह गरेको छ ।

बाली चक्रअनुसार किस्ता तिर्न मिल्ने व्यवस्था र सहुलियत ब्याजदरका कारण किसानहरु साहु महाजनको उच्च ब्याजदरबाट जोगिएका छन् । सहकारीले आकस्मिक आवश्यकताका लागि सानो ऋण सुविधा पनि दिने गरेको छ ।

किसानले किस्ताबन्दीमा सामग्री लिन सक्ने व्यवस्था गरिएको सहकारीका सञ्चालकहरु बताउँछन् । दैनिक उपभोग्य वस्तुसमेत सहकारी पसलमा सुलभ मूल्यमा पाइने हुँदा किसानले घर खर्चको धेरै दबाब झेल्नुपर्दैन ।

उत्पादन संकलन र बजार व्यवस्थापनमा सहकारी सक्रिय छ । किसानबाट संकलित तरकारी, अन्न तथा फलफूल थोक बजार वा उद्योगसम्म सहकारीले नै पुऱ्याउने भएकाले बिचौलिया हावी हुन पाएका छैनन् । जसले गर्दा किसानले उचित मूल्य पाइरहेका छन् । आफूहरुलाई उत्पादन बिक्रीको चिन्ता खासै नहुने किसानहरूको भनाइ छ ।

मल, बीउ, विषादी र उपकरण एउटै ठाउँमा सस्तो मूल्यमा पाउँदा समय र लागत दुवै बचत भएको किसानले बताए ।

यसले देखाउँछ, सहकारी मोडेल आधुनिक बजारसँग प्रतिस्पर्धा गर्न सक्षम छ ।

स्थानीयस्तरमै पुँजी परिचालन, उत्पादन वृद्धि र बजार पहुँच विस्तार हुँदा ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव परेको छ । किसान आत्मनिर्भर बन्दै गएको सहकारीको दाबी छ ।

जोखिम व्यवस्थापनतर्फ सहकारीले बाली तथा पशु बीमामा सहजीकरण गर्दै आएको छ । प्राकृतिक विपत्तिका बेला राहत तथा पुनर्स्थापना सहयोगसमेत उपलब्ध गराउने व्यवस्था गरेको छ ।

साथै, आधुनिक खेती प्रविधि, रोग-किरा नियन्त्रण र उत्पादन वृद्धि सम्बन्धी तालिमले सदस्यको सीप र आत्मविश्वास बढाएको छ ।

सहकारीले बहुउद्देश्यीय सेवा दिन सक्छ, खुद्रा व्यापारमार्फत अतिरिक्त आय सिर्जना गर्न सक्छ, निजी क्षेत्रसँग सहकार्य गर्न सक्छ र गाउँमै आर्थिक गतिशीलता ल्याउन सक्छ भन्ने उदाहरण महर्षी कास्टी बनेको छ ।


उत्पादनदेखि बजारीकरणसम्म एकीकृत प्रणाली अपनाएर सदस्यको आर्थिक लागत घटाउन महर्षी कास्टीले अपनाएको शैली नेपालका सहकारीका लागि राम्रो सिकाई हुनसक्छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



## खेलकुद

# बार्सिलोना फेरि अगाडि



काठमाडौँ – बार्सिलोनाले उपाधि होडमा आफ्नो प्रमुख प्रतिद्वन्द्वी रियल म्याड्रिडको हारको फाइदा लिँदै आइतबार स्पेनी ला लिगाको शीर्ष स्थानमा फर्केको छ । उसले क्याम्प नुमा भएको खेलमा लेभान्टेलाई सजिलै ३-० ले हरायो ।

त्यसमा मार्क बेरनल, फ्रेन्क डे जोङ र फेरमिन लोपेजले एक एक गोल गरे । यो जितपछि बार्सिलोनाको ६१ अंक भएको छ । रियल भने ६० अंकमा दोस्रो स्थानमा रह्यो । अघिल्लो दिन रियल ओसासुनाविरुद्धको खेलमा पराजित रहेको थियो ।

अन्य खेलमा भिल्लारियलले भ्यालेन्सियालाई २-१ ले पराजित गर्दै तेस्रो स्थानमा आफ्नो पकड बलियो बनायो । उसको ५१ अंक भएको छ । यस्तै सेभियाले गेटाफेलाई १-० र सेल्टा भिगोले रियल मार्लोकालाई २-० ले हरायो ।

# आर्सनलको अग्रता ५ अंक

काठमाडौँ – आर्सनलले इंग्लिस प्रिमियर लिगमा आइतबार टोटनहमलाई ४-१ ले पराजित गर्दै लिग तालिकाको शीर्षमा ५ अंकको अग्रता लिएको छ । यो जितपछि आर्सनलको ६१ अंक भएको छ ।

उसको पछाडि म्यानचेस्टर सिटी ५६ अंकमा रहेको छ ।

लन्डनको टोटनहम स्टेडियममा भएको खेलमा आर्सनलका लागि इबेरची इजी र भिक्टर ग्योकेरेसले दुई/दुई गोल गरे । टोटनहमका लागि रान्डल कोलो मुनीले एक गोल फर्काए ।




अन्य खेलमा लिभरपुलले नटिंघम फरेस्टलाई १-० ले हराएर आफ्नो शीर्ष चारको सम्भावनालाई कायम राख्यो । उसको ४५ अंक भएको छ । यस्तै क्रिस्टल प्यालेसले उल्भ्सलाई १-० ले पराजित गर्‍यो ।

# व्यावसायिक किसानलाई ५० प्रतिशत अनुदान

दोधारा चाँदनी (कञ्चनपुर) । कृषि ज्ञान केन्द्र कञ्चनपुरले व्यावसायिक किसानलाई छनोट गरेर ५० प्रतिशत अुदान उपलब्ध गराएको छ ।

केन्द्रले किसानलाई उत्पादन सामग्री, सिँचाइ र क्षमता अभिवृद्धि तथा बजारीकरणमा सहयोग गर्दै आएको छ ।

स्थानीय स्रोत र सम्भावनालाई उपयोग गर्दै व्यावसायिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्नका लागि ‘एक स्थानीय तह, एक कृषि उत्पादन’ मार्फत उत्पादन र बजारीकरणमा सहयोग गर्दै आएको कृषि ज्ञान केन्द्रका कृषि प्रसार निर्देशक हरिप्रसाद पनेरुले जानकारी दिए ।

उनका अनुसार कृष्णपुर नगरपालिकामा किसानलाई रु ४० लाख बजेटबाट ५० प्रतिशत अनुदान




उपलब्ध गराइएको छ ।

कृष्णपुरमा ४० वटा समूह र सहकारीबाट तरकारीखेतीमा छनौटमा परेका किसानलाई केन्द्रले ५० प्रतिशत अनुदानमा आवश्यक यन्त्र उपकरण तथा कृषि सामग्री वितरण उपलब्ध गराउँदै आएको उनले बताए ।

‘उक्त कार्यक्रमले तरकारीखेतीको क्षेत्र विस्तार हुनुका साथै उत्पादनमा उल्लेखनीय वृद्धि भएको देखिन्छ’, उनले भने, ‘उत्पादन अभिवृद्धि गर्न कृषकहरूलाई आवश्यक पर्ने यन्त्र उपकरणदेखि प्रविधि, तालिम तथा प्राविधिक परामर्शसम्म निरन्तर सहयोग गर्दै आएको छ ।’

यसले कृषकको श्रम घटाउनुका साथै खेतीलाई व्यवस्थित र व्यावसायिक बनाउन सहयोग पुगेको छ । ज्ञान केन्द्रको अनुदान र प्राविधिक सहयोगले कम लागतमा बढी आम्दानी गर्न सहयोग पुगेको यहाँका कृषक प्रेमबहादुर डगौराले बताए ।

‘बीउ बिजनदेखि बजारीकरणसम्मको सहयोग पाएका छौँ यसले हामीलाई आत्मनिर्भर हुन ठूलो सहयोग पुगेको छ’, डगौराले भने ।

आर्थिक अभावमा छोरा छोरीको पठनपाठन गर्न शुल्क समेत तीर्न नसकेर रोजगारीका लागि भारत जानेहरू ज्ञान केन्द्रको सहयोगपछि तरकारी खेतीबाट मनग्य आम्दानी गर्न थालेको इन्द्रेणी कृषक समूह कृष्णपुरका अध्यक्ष सुनिल चौधरीले बताए ।

# सप्तरीमा खुद्रा तथा थोक मदिरा पसल साँझ ७ बजे बन्द हुने




सप्तरी । जिल्ला सुरक्षा समिति सप्तरीले खुद्रा तथा थोक मदिरा पसल साँझ ७ बजे बन्द गराउने निर्णय गरेको छ ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, व्यवस्थित एवं मर्यादित रुपमा सम्पन्न गराउने उद्देश्यले जिल्ला सुरक्षा समिति तथा सरोकारवालाहरुको बैठकले सो निर्णय गरेको हो ।

शुक्रबार भएको निर्णय आइतबार सार्वजनिक गर्दै प्रशासनले इजाजत प्राप्त खुद्रा तथा थोक मदिरा विक्रेताहरुले मदिरा बिक्री वितरण गर्न पाउने समय ७ बजे र होटल तथा रेष्टुरेन्टहरुमा सेवन गर्ने समय बढीमा ८ बजे सटर बन्द गर्ने गरी तोकिएको जनाएको छ ।

जिल्लास्थित खुद्रा मदिरा पसलहरुले व्यवसाय दर्ता प्रमाणपत्र बिना घरेलु मदिरा बिक्री गरिरहेको पाइएमा उक्त मदिरा जफत गरी नष्ट गर्ने र प्रचलित कानून वमोजिम कारवाही गर्ने निर्णय पनि गरिएको छ ।

यस्तै जिल्लास्थित विभिन्न स्थानमा रहेका मिठाइ पसलहरुमा अत्याधिक रङ र अखाद्य पदार्थ मिसाएको भए जफत गरी कारवाही गर्ने, सवारी साधनहरुमा तौल कम भएको मिठाइ डब्बामा बेच्ने गरेको पाइएमा पनि कारबाही हुने भएको छ । पान पसल र किराना पसल लगायतका जनरल स्टोरहरुमा इजाजतपत्र विना सुर्तीजन्य पदार्थको बिक्री गरेमा पनि कारबाही हुने जिल्ला सुरक्षा समितिले गरेको निर्णयमा उल्लेख छ ।

त्यस्तै सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ अनुसार शिक्षण संस्था, स्वास्थ्य संस्था, बालकल्याण गृह र क्लबहरुबाट कम्तीमा एकसय मिटरको दुरी भित्र सुर्तीजन्य पदार्थ विक्री वितरण गरेको पाइएमा सोही ऐन बमोजिम आवश्यक कारवाहीको प्रकृया अगाडि बढाउने समितिले जनाएको छ ।

# क्वारेन्टिनमा कडाइ गर्दा स्वदेशी केराको माग बढ्यो

चितवन । सरकारले ‘क्वारेन्टिन’मा कडाइ गर्दा भारतबाट भइरहेको केरा आयात घटेपछि स्वदेशी उत्पादनको माग बढेको छ । चितवन केरा उत्पादक संघका अध्यक्ष घननाथ महतोले विगतका वर्षमा केरा बिक्रीको समस्या अहिले भएको बताए ।

उनका अनुसार विगतका वर्षमा जिनाइन (हरियो केरा) बिक्री नभएर चराले खाने अवस्था आएको थियो । साथै चिनीचम्पाले बजार पाए पनि मूल्य राम्रो पाउन कठिन भएको थियो । अहिले जिनाइन केरा प्रतिकोसा रु तीनले बिक्री भइरहेको उनको भनाइ छ । गत दशैं, तिहारलगायत चाडपर्वमा जिनाइन केरा बिक्री नहुँदा किसान समस्यामा परेको भए पनि अहिले भने बिक्री बढेको उनले सुनाए ।

चिनीचम्पा केराले पनि राम्रो मूल्य पाएको उनले जानकारी दिए । यो केरा अहिले घरीको रु ६०० मा बिक्री भइरहेको छ । स्वदेशमा उत्पादन भएको केराले बजार र मूल्य पाउँदा किसानले राहत पाएको उनको भनाइ छ ।

नेपाल केरा उत्पादक महासङ्घका संयोजक विष्णुहरि पन्त सरकारले जैविक खाद्य सुरक्षामा कडाइ गर्दा आयातित केरा रोकिएको छ । जसका कारण नेपाली उत्पादनले बजार पाउन थलेको हो ।

उनले भने, “नेपालमा टिआर फोर नामक रोग केरामा देखिएपछि क्वारेन्टिनमा कडाइ गर्न थालेको छ ।” गत मंसिर २ गतेदेखि आयातित केरामा क्वारेन्टिनमा कडाइ गर्न थालिएको उनले बताए ।

क्वारेन्टिनले जैविक खाद्य सुरक्षामा कडाइ नगर्दा गएको दशैं र तिहारमा मात्रै नेपालमा केरा उत्पादन गर्ने किसानले रु ६० करोड बराबरको नोक्सानी बेहोर्न परेको उनले जानकारी दिए । उनले भने, “अहिले केरा उत्पादन गर्ने किसानमा उत्साह बढेको छ । यही अवस्था रहेमा एक वर्षभित्र केरामा नेपाल आत्मनिर्भर बन्छ ।”

जैविक खाद्य सुरक्षामा कडाइ गरेपछि विस्थापित हुने अवस्थाबाट किसान थपिने अवस्थामा आएको उनले बताए ।

नेपालमा उत्पादित केराले बजार पाउँदै गर्दा उपभोक्तामा भने चर्को मूल्य तिर्न बाध्य परेको गुनासो आएको बताउँदै उनले यस विषयमा सरोकारवालाहरूले अनुगमन गर्न अनुरोध गरे । उनले भने, “मध्यस्तकर्ताबाट उपभोक्ता ठगिएको सूचना पाएका छौँ । यसलाई अनुगमन जरुरी छ ।”

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यान्वयन कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख महेश रेग्मी अहिले जिल्लामा उत्पादित केराले बजार र मूल्य नपाउने समस्या हटेको बताए । उनका अनुसार हाल जिल्लामा दुई हजार हेक्टर क्षेत्रफलमा केरा खेती गरिँदै आइएको छ । जसबाट वार्षिक ७० हजार मेट्रिकटन केरा उत्पादन हुँदै आएको छ ।

राज्यले क्वारेन्टिनमा जैविक खाद्य सुरक्षालाई निरन्तर कडाइ गरेर स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न लागिपरेको उनले बताए । यहाँ उत्पादित केरा चितवनसहित काठमाडौँ, पोखरा, भैरहवालगायत मुख्य सहरहरूमा जाने गरेको छ ।

# कालीगण्डकी लोकमार्ग : लमाएखोलामा २ वर्षमा सम्पन्न हुनुपर्ने पुल ८ वर्षमा सम्पन्न

पर्वत । उत्तर-दक्षीण जोड्ने राष्ट्रिय गौरबको आयोजना कालीगण्डकी लोकमार्गको पर्वत खण्डमा पर्ने लमाएखोला मोटरेबल पुल आठ वर्षपछि सम्पन्न भएको छ ।

फलेवास नगरपालिका-६ देवीस्थान र फलेवास नगरपालिका-१० कुर्घाबिचमा रहेको लमाए खोलाको पुल निर्माण व्यवसायीको ढिलासुस्ति र गलत डिजाइनका कारण आठ वर्षमा सम्पन्न भएको हो । यो पुल दुई वर्षमा सम्पन्न हुनेगरी विसं २०७४ असार २८ गते सम्झौता भई विसं. २०७४ पुस १९ गतेदेखि निर्माण सुरु भएको थियो ।

विसं २०७६ असार मसान्तभित्र सम्पन्न हुनुपर्ने पुल गलत डिजाइन र निर्माण व्यवसायीको ढिलासुस्तिका कारण आठवर्षपछि सम्पन्न भएको कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाले जनाएको छ ।

पाँच करोड ८९ लाख ८९ हजार २७७ को लागतमा बन्ने पुल निर्माणको जिम्मा नयाँबाटो गौचन जेभी निर्माण कम्पनीले पाएको थियो । २५ मिटर लामो र ११ मिटर चौडाइको पुल सम्पन्न भएपछि कालीगण्डकी लोकमार्गमा सिधा यातायात सञ्चालन हुन थालेका छन् ।

पुल सम्पन्न भएसँगै दक्षिण पर्वतका बासिन्दालाई सदरमुकाम कुश्माबजार आउजाउ गर्न मात्र सहज नभएर लोकमार्ग हुँदै बुटबल, भैरहवा, पाल्पा, गुल्मी तथा यस क्षेत्रबाट मुस्ताङ, पर्वत, बागलुङ, म्याग्दीतर्फ आउने यात्रु तथा



सवारीसाधनलाई सहज भएको छ । पुल बनेपछि झण्डै एक घण्टा घुमाउरो बाटो हिँड्नुपर्नेमा पाँच मिनेटमै पुग्न सकिने भएको छ ।

करिडोर अन्तर्गत स्याङ्जाको मिर्मिदेखि पर्वतको अर्मादीसम्म सडकको ट्र्याक खुलिसकेको छ, भने पर्वतको सेतीवेणीदेखि लमाएखोला सम्मको सडक कालोपत्रसमेत भइसकेको छ । लमाए खोलामा पुल निर्माण सम्पन्न नहुँदा करिडोरमा सिधा यातायात सञ्चालन हुन सकेका थिएनन् । गत साता पुल निर्माणको सबै काम सम्पन्न भएसँगै सिधा यातायात सञ्चालन हुन थालेको कालीगण्डकी लोकमार्ग आयोजनाका साइड इञ्जिनियर पिपुल गौतमले जानकारी दिए ।

कालीगण्डकी करिडोर आयोजनाका इञ्जिनियरले सुरुमा डिजाइन गरेको पुल खोलाको दुवैतर्फको किनारमा ढुङ्गा माथिबाट बनाइने जानकारी दिइएको थियो । डिजाइनकै क्रममा स्थानीयले विरोध गरेपछि इञ्जिनियरले गलत डिजाइनलाई नै निरन्तरता दिँदै ठेक्का खुलाएका थिए । विसं २०७४ को अत्यतिर गरिएको प्रतिस्पर्धामा छानिएको नयाँ बाटो गौचन जेभीले दुई वर्षभित्रै पुल सम्पन्न गर्ने जानकारी दिएको थियो । कालीगण्डकी लोकमार्ग आयोजना कार्यालयका इञ्जिनियर गौतमले पुलको नयाँ डिजाइन गरेर पुनः निर्माण सुरु गरिएकोले ढिलाइ भएको बताए । पुरानै ठाउँलाई संरक्षणको काम गरेर पुल निर्माण गरिएको गौतमले बताए । गौतमका अनुसार गत वर्षको बाढीले स्लाब ढलान गर्न थालेको अवस्थामा बगाइदिएपछि झनै ढिला भएको हो ।

पुल निर्माण सम्पन्न गर्नका लागि छैटौं पटकसम्म सम्झौताको म्याद थपिएको थियो । विसं २०७४ पुसमा काम सुरु गरेका व्यवसायीले विसं २०७६ जेठमा पुल निर्माण सकेर आयोजना हस्तान्तरण गर्ने तयारी थियो । दुवैतर्फका पिलर उठाएर स्ल्याब ढलान गर्ने समयमा पुनः आयोजना कार्यालयले पुलको निर्माण रोक्न भनेको थियो । त्यही बेलादेखि अलपत्र छाडिएको पुल विसं २०८० मङ्सिरदेखि काम सुरु भएको थियो ।

यो पुलसँगै सुरु भएको मोदीखोलाको पुल दुई वर्ष अघिनै सम्पन्न भएको थियो । कालीगण्डकी करिडोरको फलेवास-अर्मादी खण्डको १४ किलोमिटर सडक कालोपत्रको काम पनि सुरु भएको छ । यो सम्पन्न भएपछि पर्वतको ५५ किलोमिटर सडक पूरा हुने आयोजनाले जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३०,
२०८२ साल फागुन १२ गते मंगलबार
24 FEBRUARY 2026, TUESDAY

# रास्वपा वाचापत्र : नाइट भिजन क्यामेरा र ड्रोनबाट सीमामा निगरानी

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले तस्करी, अवैध ओसारपसार र क्रस बोर्डर अपराधलाई नियन्त्रण गर्न सीमामा नाइट भिजन क्यामेरा र ड्रोनबाट निगरानी गर्ने नीति अवलम्बन गर्ने प्रतिबद्धता जनाएको छ ।

२१ फागुनको निर्वाचनका लागि सार्वजनिक वाचापत्रमा रूपान्तरणका लागि नीतिगत प्रस्थानका एक सय आधारहरू छ । जसमा सीमामा निगरानी गर्ने लगायतका विषय समेटिएका छन् ।

नेपालको भौगोलिक अखण्डता अक्षुण्ण राख्न र सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण गर्न सशस्त्र प्रहरी बललाई आधुनिक प्रविधि, पर्याप्त जनशक्ति र उच्च क्षमताको भौतिक पूर्वाधारसहित एक विशिष्टीकृत 'सीमा सुरक्षा बल' का रूपमा परिचालन गर्ने प्रतिबद्धता छ । अगाडि भनिएको छ, 'सीमा नाकाहरूमा नाइट भिजन क्यामेरा, ड्रोन निगरानी र डिजिटल इन्ट्री-एक्जिट रेकर्ड प्रणाली लागु गरी तस्करी, अवैध ओसारपसार र क्रस बोर्डर अपराधलाई सख्त नियन्त्रण गर्नेछौं ।'

सीमा विवाद र पुराना सन्धि-सम्झौताहरूलाई भावनामा मात्र सीमित नराखी तथ्य र प्रमाणका आधारमा संस्थागत संवादमार्फत् स्थायी रूपमा टुंग्याउन उच्चस्तरीय कूटनीतिक पहल गर्ने पनि रास्वपाको प्रतिबद्धता छ ।

विश्वशान्तिको मान्यता, संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त र अन्तर्राष्ट्रिय कानुनका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राख्दै स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने पनि रास्वपाको



प्रतिबद्धता छ । सघन आर्थिक कूटनीति र अन्तर्राष्ट्रिय सहकार्यमार्फत् व्यापार र प्रत्यक्ष लगानीका अवसरहरूलाई विविधीकरण र व्यापकीकरण गर्न छिमेकभन्दा पर पनि आर्थिक सम्बन्धहरू विस्तार गर्दै नेपालको सौहार्द सौम्य शक्तिको बढ्दो उपयोग गर्ने भनिएको छ । नेपालको साँस्कृतिक पूँजी र फैलँदो प्रवासी समुदाय (डायस्पोरा) केन्द्रित कूटनीतिलाई प्रश्रय दिने वाचा गरिएको छ ।

वाचापत्रमा भनिएको छ, 'नेपालको ऐतिहासिक विरासत र गौरवमय सभ्यताको जगेर्ना गर्न सह-अस्तित्व, सहिष्णुता, स्वाभिमान र समभावमा आधारित राष्ट्रिय एकता सहितको देशभक्तिको प्रवर्द्धन गर्नु हाम्रो लक्ष्य हो ।'

नेपालको भौगोलिक अखण्डता, स्वाधीनता र जनतामानिहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी पार्टीले कहिल्यै केही नगर्ने प्रण गरिएको छ । नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई सर्वोपरी राख्दै बदलिंदो वैश्विक भू-राजनीति र छिमेकी शक्तिहरूको उदयलाई नेपालको विकासको अवसरमा बदल्न 'सन्तुलित र गतिशील कूटनीति' अवलम्बन गर्ने भनिएको छ ।

'छिमेकी मुलुकहरूको रणनीतिक चासो र वैश्विक शक्ति सन्तुलनमा आएको बदलावलाई मध्यनजर गर्दै नेपाललाई 'बफर स्टेट' बाट 'भाइब्रेन्ट ब्रिज'को रूपमा रूपान्तरण गरी त्रिपक्षीय आर्थिक साझेदारी र कनेक्टिभिटीका माध्यमबाट राष्ट्रिय हित सुनिश्चित गर्ने प्रयास गर्नेछौं' वाचापत्रमा उल्लेख छ ।

गत दशकमा भारतले उल्लेखनीय प्रगति गरेका क्षेत्रहरूबाट नेपालले पनि लाभ लिनसक्ने गरी विकास साझेदारीको स्वरूपलाई नवीकरण गर्ने भनिएको छ । डिजिटल पब्लिक पूर्वाधार; उच्च गतिमा बनेका गुणस्तरीय भौतिक पूर्वाधार; अर्थतन्त्रको औपचारिकीकरण; उत्पादनमूलक उद्योग र सेवा क्षेत्रबीचको सामञ्जस्य र समग्र राज्य सक्षमताको वृद्धि आदिमा भारतले गरेको प्रगतिबाट नेपालले लाभ लिन सक्ने रास्वपाको विवास छ । त्यस्तै, चीनसँग सहुलियतपूर्ण वित्तको परिचालनमार्फत् विश्वस्तरीय पूर्वाधार निर्माण, आर्थिक-सामाजिक विकासका लागि राज्य-निर्देशित लक्ष्य र कार्यक्रम; अन्तरप्रादेशिक प्रतिस्पर्धाका अनुकरणीय विषयहरूलाई साझेदारीका पाटा बनाउने रास्वपाको प्रतिवद्धता छ ।

# प्युठानमा नेकपा, रास्वपा र माओवादीको प्रतिबद्धता सार्वजनिक

प्युठान । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ नजिकिँदै जाँदा प्युठानमा चुनावी सरगर्मी बढेको छ । २१ फागुनको निर्वाचनलाई लक्षित गर्दै प्युठानमा नेपाली कम्युनिस्टी पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेत्रविक्रम चन्द्र नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का उम्मेदवारले आ-आफ्ना प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् ।

नेकपाले 'सुशासन र रोजगारी समाजवादको तयारी, राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी' नारासहित १५ शीर्षकमा आधारित प्रतिबद्धतापत्र सार्वजनिक गरेको जनाएको छ । उसले दस्तावेजलाई प्युठानको दिगो विकासको आधारका रूपमा अघि बढाइने जनाएको छ ।

नेकपाको प्रतिबद्धतापत्रमा सडक पूर्वाधारदेखि शिक्षा, स्वास्थ्य, कृषि, वन तथा जडीबुटी, पर्यटन, खानेपानी र सिँचाइ, शहरी विकास, ऊर्जा, उद्योग, सञ्चार, युवा तथा रोजगारी, भू-संरक्षण, सामाजिक न्याय र सुशासनसम्मका विषय समेटिएका छन् । प्युठानमा नेकपाले केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेश सरकारका पूर्वअर्थ तथा सहकारी मन्त्री कृष्णध्वज खड्कालाई उम्मेदवार बनाएको छ ।







यता, रास्वपाले १४ बुँदे 'सुशान्त प्युठान' नामक वाचापत्र सार्वजनिक गरेको छ । बिजुवार-जुम्रीमा आयोजित पत्रकार सम्मेलनमार्फत सार्वजनिक वाचापत्रमा स्थानीय विकास, रोजगारी सिर्जना, कृषि आधुनिकीकरण र पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको छ ।

वाचापत्रमा खानेपानी सेवाको सुनिश्चितता, प्युठान अस्पतालको स्तरोन्नति, प्राविधिक उच्च शिक्षाको विस्तार, स्वरोजगार प्रवर्द्धन, कृषि क्लस्टरमा आधारित एकीकृत खेती प्रणाली, सिँचाइ पूर्वाधार विकास, जडीबुटी तथा नगदे बाली प्रवर्द्धन र लघु उद्योग विस्तारका योजना समेटिएका छन् ।

रास्वपाका तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार सुशान्त वैदिक छन् । पार्टीले वैज्ञानिक भू-सुधार, व्यवस्थित बसोबास र 'लुम्बिनी धार्मिक-पर्यटकीय त्रिकोण' अवधारणामार्फत प्राकृतिक तथा साहसिक पर्यटन प्रवर्द्धन गर्दै प्युठानलाई अवसरयुक्त जिल्लाका रूपमा विकास गर्ने लक्ष्य लिएको जनाएको छ ।

यसैबीच, नेत्रविक्रम चन्द्र नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बाट प्यूठानकी एक्ली महिला उम्मेदवार सीता बिक सम्झनाले पनि समृद्ध प्युठानको योजनासहित प्रतिबद्धतापत्र सार्वजनिक गरेकी छिन् ।

यस पटक प्युठानमा १४ दल चुनावी प्रतिस्पर्धामा छन् । सबै दलका उम्मेदवार घरदैलो र मतदाता भेटघाटमा केन्द्रित भएका छन् ।

# १५ फागुनभित्र जेनजी घाइतेको विवरण उपलब्ध गराउन निर्देशन

काठमाडौं । सरकारले जेनजी प्रदर्शनका क्रममा घाइते भएकाहरूको विवरण उपलब्ध गराउन स्वास्थ्य संस्था (अस्पताल) लाई निर्देशन दिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जेनजी आन्दोलनका क्रममा छुट भएका घाइतेको विवरण उपचारमा संलग्न सबै स्वास्थ्य संस्थालाई तत्काल स्वास्थ्य मन्त्रालयमा उपलब्ध गराउन निर्देशन दिइएको बताए ।

उनका अनुसार जेनजी आन्दोलनका घाइतेहरूको उपचार र राहतलाई प्रभावकारी बनाउन गठित समन्वय समितिले यही फागुन १५ गतेभित्र घाइतेको विवरण उपलब्ध गराउने निर्णयनुसार मन्त्रालयले सबै स्वास्थ्य संस्थालाई निर्देशन दिएको हो ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले घाइतेहरूको सूचीकरण र वर्गीकरण पुनःवर्गीकरणसम्बन्धी कार्य समयमा सक्नका लागि यही फागुन १ देखि १५ गतेभित्र विवरण उपलब्ध गराउन भनिएको बताए ।

उनले फागुन १५ गतेभित्र आएका निवेदन उपर छानबिन गरी घाइतेको अन्तिम नामावली सार्वजनिक गरिने जानकारी दिए ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीका अनुसार अहिलेसम्म २०० जना घाइतेको मात्र वर्गीकरण विवरण उपलब्ध भएको छ । उनले जेनजी प्रदर्शनका क्रममा धेरै घाइते भए पनि सामान्य घाइते भएकालाई केही सुविधा उपलब्ध नहुने भएकाले पनि सम्पर्कमा नआएको हुनसक्ने बताए ।

सरकारले जेनजी प्रदर्शनका क्रममा अतिगम्भीर वर्गीकरणमा परेकालाई र ती घाइतेलाई स्याहार गर्नेलाई मासिक नौ हजार, गम्भीर घाइतेलाई मासिक नौ हजार र मध्यम घाइतेलाई मासिक चार हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको प्रवक्ता डा बुढाथोकीले जानकारी दिए । उनका अनुसार जेनजी प्रदर्शनका क्रममा दुई हजार ५९९ जना घाइते भएका मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

# साझा राष्ट्रिय कार्यदिशा आवश्यक छ : अशोक राई

धरान (सुनसरी) । जनता समाजवादी पार्टी(नेपाल)का केन्द्रीय अध्यक्ष तथा पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले मुलुकमा राजनीतिक स्थायित्व, सुशासन र आर्थिक सुधार सुनिश्चित गर्न साझा राष्ट्रिय कार्यदिशा आवश्यक रहेको बताएका छन् ।

पार्टीको निर्वाचन परिचालन समिति, सुनसरी क्षेत्र नम्बर १ ले आज धरानमा आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष राईले आगामी २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन स्थगित हुन सक्ने हल्ला बाहिर सुनिएको भए पनि त्यस्तो कदम मुलुक र जनताको हितमा नहुने धारणा राखे ।

निर्वाचनपछि गठन हुने नयाँ संसद्ले जनताको ताजा 'म्यान्डेट'सहित देशको नेतृत्व गर्ने उल्लेख गर्दै संसद्भित्र र बाहिर रहेका सबै राजनीतिक शक्तिबीच संवाद र सहकार्य अपरिहार्य रहेको उनको भनाइ थियो ।

अध्यक्ष राईले लोकतान्त्रिक प्रक्रियामा अवरोध आउन नदिन र दीर्घकालीन रूपमा देशलाई फाइदा पुग्ने सहमतिमूलक राजनीतिक संस्कार विकास गर्नुपर्नेमा जोड दिए ।

---

विश्वसनीयता कति...

निकालिएको एवं मृतकको सनाखत प्रक्रिया जारी रहेको, घाइते हरूलाई तत्काल उद्धार गरी उपचार का लागि विभिन्न अस्पतालहरूमा पठाइसकिएको र प्रभावकारी उपचार का लागि सम्बन्धित निकायहरूसँग समन्वय भइरहेको प्रवक्ता काफ्लेले बताए ।

मन्त्रालयले दुर्घटनामा परी ज्यान गुमाउने मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै मृतकका परि वार र आफन्तजनमा गहिरो समवे दना प्रकट गरेको उल्लेख छ ।

नेपालमा हुने यस्ता सवारी र्दुघना पछि छानविन हुने गरेका छन् । तर र्दुघटनाका आसपास मात्र यस्ता छानविन चर्चामा आउने त्यसपछि पुनः त्यसैगरी सेलाउने र विशेष गरेर पाहाडी भूगोलमा यस्ता र्दुघटनाहरु ब्ढी हुने गरेको छ । सडकको मापदण्ड, सवारी चालकको अनुभव, व्यवसायीहरुको लापरवाही, ट्र्फिक प्रहरीको चेकजाच जस्ता सम्बन्धित पक्षले समयमा गर्नुपने ' कामहरु नगरेका कारण यस्ता घटनाहरु हुने गरेको गुनासोहरु आउने गरेका छन् । आउदा दिनमा यस्ता सुधार गर्नुपर्ने कामहरु गर्नुपने ' पटीपनि सम्बन्धित निकायको ध्यान पुगोस् ।

प्रधानमन्त्रीको निर्देशन...

बताइन् । उनले भनिन्, ' निर्वाचन आफैमा जित-हारको प्रतिस्पर्धा हो, त्यसैले सम्भावित झडप र विवादप्रति सुरक्षा निकाय चनाखो हुनुपर्छ ।' जस्तोसुकै चुनौ ती आए पनि राज्यले सामना गरेर अघि बढ्नुपर्नेमा उनले जोड दिइन् । 'यो देश हामी आफैले बनाउने हो,' उनले भनिन् ।

आयोग...

नै मार्गका रूपमा स्वीकार गरे को उनको दाबी छ ।

नेपालमा सुशासन प्रवाह गने ' पवित्र उद्देश्य र आकांक्षा राखेर बसेका व्यक्तिहरूलाई भ्रममा पारेर, धमिलो पानीमा माछा मार्ने प्रयास सफल हुने उनले बताए ।

निर्वाचन विथोल्ने वा अस्थिरता सिर्जना गर्ने कुनै पनि गतिविधि सर कारले निषेध गर्ने र निर्वाचन आयो गले समेत नजिकबाट अनुगमन गरिरहेको उनले स्पष्ट पारे ।

'केही कुण्ठित व्यक्तिहरूले निश्चित उद्देश्य पूरा गर्ने प्रायो जनका लागि नचाहिने हल्लाहरू गर्न सक्छन्, उनीहरूको निश्चित उद्देश्य पूरा गर्ने प्रायोजनका लागि अब ने पाली जनता साक्षी बस्न सक्दैनन् । अब निर्वाचनको वातावरण बिथो लिने वातारण बन्दैन । जसरी पनि निर्वाचन सम्पन्न हुन्छ,' उनले भने ।

बाँकेमा ३३ जना...

प्रयोग गर्नुपर्ने कानुनी व्यवस्था छ ।

सो व्यवस्था कार्यान्वयनको विषयमा निरन्तर अनुगमन भइरहे को बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी एवं अनुगमन अधिकृत पूर्ण बहादुर खत्रीले जानकारी दिए । उनका अनुसार उम्मेदवारको नाम, दल, क्षेत्र र बैङ्कको विवरणसहितको प्रतिवेदन निर्वाचन आयोगमा पठाइने छ ।

तीन निर्वाचन क्षेत्र रहेको बाँके मा ५६ जना उम्मेदवार चुनावी मै दानमा हुनुहुन्छ । निर्वाचन आयोगले क्षेत्र नम्बर १ का लागि रु ३१ लाख र क्षेत्र नम्बर २ तथा ३ का लागि रु २९ लाखसम्मको खर्चको सीमा तो केको छ ।

यसबीच, आज निर्वाचन क्षे त्र नं १ को कोहलपुरमा निर्वाचन आचारसंहिता पालना सम्बन्धमा उम्मेदवारहरूसँग छलफल गरिएको छ ।

आचारसंहिता अनुगमन समितिका अधिकृत पूर्णबहादुर खत्रीले निर्वाचन क्षेत्र नं १ मा खासगरी टिसर्ट र टोपीको प्रयो ग बढी भएको उजुरी भएकाले त्यसलाई हटाउन उम्मेदवारहरू सहमत भएको जानकारी दिए ।

'जिल्लाको अन्य निर्वाचन क्षे त्रमध्ये समग्रमा राम्रो छ, केही समस्या देखिएका छन् त्यसलाई समाधान गरिने छ,' उनले भने ।

पेट्रोलियम पदार्थ...

जाने चरणमा रहेको बताए ।

मन्त्री सिन्हाले पेट्रोलमा इथानो ल मिसाउनु स्वच्छ ऊर्जातर्फको महत्त्वपूर्ण कदम भएको समेत बताए ।

'पेट्रोलियम पदार्थमा १० प्रतिशत इथानोल मिश्रण गर्दा पनि नेपालमा वार्षिक १३ करोड पेट्रो लको आयात घटाउन सकिने रहेछ । यसबाट वार्षिक झन्डै ६ अर्ब बर ाबरको विदेशी मुद्रा बचत हुने रहेछ । नेपालमा पसिनाले कमाएको पैसा बच्नेछ,' उनले भने ।

मन्त्री सिन्हाले इथानोल उत्पादनका लागि उखुजस्ता कृषि उत्पादन बढ्ने, कृषि भूमिको उपयो ग विस्तार हुने तथा आन्तरिक अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

नयाँ उद्योग स्थापना, औद्यो गिक वातावरण, सुरक्षा, रोजगारी, कच्चापदार्थ उत्पादनलगायत क्षेत्रमा चुनौती भने रहेको उनले स्वीकार गरे ।

मन्त्री सिन्हाले यस क्षेत्रमा विदे शी लगानी आउने सम्भावना रहेको उल्लेख गर्दै प्रतिस्पर्धा आवश्यक भए पनि अस्वस्थ प्रतिष्पर्धा हुन नहुनेमा जोड दिए ।

इथानोललाई प्रतिस्पर्धी बनाउन पेट्रोलभन्दा इथानोलको मूल्य कम हुनुपर्ने र त्यसका लागि कार्यविधि चाँडै आउने उनले बताए ।

प्रचण्ड...

नम्बर एक पार्टी बन्ने र देशमा एउटा नयाँ परिस्थिति बनाउन सम्भव रहेको उनले बताए ।

केही दिन हावा हुरी आए जस्तो देखिए पनि हावा हुरी सधैं नचल्ने कुरा जनताले बुझिसकेको जिकिर उनले गरे ।

त्यस्तै प्रचण्डले अहिलेको कठिन र चुनौतीपूर्ण घडीमा राष्ट्रलाई बचाई राख्ने र अतिवादका विरुद्ध लडेर देशलाई सन्तुलित विकासतिर लैजाने संकल्पको साथ नेकपा खडा भएको बताए ।

ओलीको दाबी...

ओलीले भने । उनले सम्बोधनको क्रममा भने, 'यो फोर्स एमालेको जनवर्गीय संगठन हो । यसले पार्टीका कार्यक्रम साकार पार्न काम गर्छ । नेकपा एमाले देशमा शान्ति चाहन्छ । एमालेले भन्छ- देश पहिलो । अरु कुरा भन्दा देश पहिले । त्यस मन्त्रलाई अघि राखेर फोर्सले अनुशासित ढंगले काम गर्छ । यो चुनावका लागि गठन गरिएको फोर्स होइन । सधैंका लागि हो ।'

राज्य संयन्त्रमाथि मात्रै जनता भर पर्न नहुने बताउँदै त्यसका लागि फोर्स गठन गरिएको ओलीको भनाइ छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# ‘लालिमा’को दोस्रो टिजरमा के छ ?

काठमाडौं- तीन हजार यौनकर्मी महिलाको अनुभवमा आधारित फिल्म ‘लालिमा’को दोस्रो टिजर सार्वजनिक गरिएको छ । एक मिनेटभन्दा लामो टिजरले फिल्मको कथावस्तुबारे संक्षिप्तमा जानकारी दिएको छ । अभिनेत्री रोशनी कार्कीलाई केन्द्रमा राखिएको टिजरमा उनको पात्रको भावनात्मक उतारचढावलाई मर्मस्पर्शी रूपमा देखाइएको छ । फिल्ममा उनी यौनकर्मीको भूमिकामा छिन् ।

कोठाभित्र रोइरहेकी रोशनीलाई सुष्मा निरौलाले अंकमाल गरेको दृश्यबाट सुरू हुने टिजरमा रोशनीको संघर्षपूर्ण पारिवारिक जीवन, यौनकर्ममा लागेपछिको पीडा र प्रेम जीवनलाई प्रस्तुत गरिएको छ । अन्त्यतिर उनलाई बच्चा बोकेर कतै जाँदै गरेको पनि देख्न सकिन्छ । टिजरका दृश्यले यौनकर्मीको जीवन संघर्षलाई फिल्ममा चित्रण गरिएको स्पष्ट संकेत गर्छ ।

फागुन २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको यस फिल्ममा रोशनी र सुष्मासहित शिशिर वाङ्देल, जीवन भट्टराई, उषा रजक, सबिन कट्टेल, घनश्याम जोशी लगायतका



कलाकारहरूको अभिनय देख्न सकिनेछ । रोशन मिराजको लेखन तथा निर्देशन रहेको फिल्मलाई फेथ आस्था र एम्पिफाई चेन्जले निर्माण गरेका हुन् । फिल्मको कार्यकारी निर्मातामा रीना लामा छिन् ।

निर्देशक मिराजले फिल्मको कथा लालिमा पात्रको कठिनपूर्ण यात्रामा आधारित रहेको बताएका छन् । उनी भन्छन्, ‘एक घटनाले लालिमाकी आमा कारागार पुग्छिन् । आमालाई त्यहाँबाट मुक्त गराउने क्रममा उनी सहरको कठोर र अँध्यारोतर्फ धेकेलिन्छिन् । त्यसपछि शारीरिक र मानसिक पीडाबीच उनी कसरी बाँच्न बाध्य हुन्छिन् भन्ने कथा फिल्ममा छ ।’

# ५ बुँदे एजेन्डासहित मतदाता फकाउँदै निशा

काठमाडौं- फागुन २१ गते बिहीबार हुने प्रतिनिधि सभा निर्वाचनको मिति नजिकिँदै गर्दा देश चुनावमय बनेको छ। यतिबेला उम्मेदवारहरू विभिन्न योजना र एजेन्डासहित मतदाता फकाउन घरदैलो गरिरहेका छन् । यसपटकको निर्वाचनमा केही चर्चित कलाकारहरू पनि उम्मेदवार बनेका छन् । त्यसमध्ये एक हुन्, निशा अधिकारी । उनी काठमाडौं-५ बाट उम्मेदवार बनेकी छन् ।

यही क्षेत्रकी मतदाता रहेकी निशाले ‘सगरमाथादेखि सदनसम्म’ भन्ने नारासहित चुनावी अभियान चलाइरहेकी छन् । मतदातासँग घरदेखि सडकसम्म भेट गरेका तस्वीर तथा भिडियोहरू दैनिक रूपमा आफ्नो सामाजिक सञ्जालमा पोस्ट गरिरहेकी उनले क्षेत्र नं. ५ मा पर्ने विभिन्न वडाका युवादेखि वृद्धवृद्धासँग सामुहिक छलफल समेत गरेको देख्न सकिन्छ ।

निशाले आफ्नो चुनावी घोषणापत्र समेत जारी गरिसकेकी छन् । उनको ५ बुँदे घोषणापत्रमा दिगो रोजगारी, उद्यमशीलता र सहज व्यावसायिक वातावरण, महिलाको अर्थपूर्ण सहभागिता र स्वास्थ्य अधिकार, सरक्षित पूर्वाधार, स्वस्थ्य वातावरण र दिगो सहरी जीवन, खेलकुद, कला र सिर्जनशील अर्थतन्त्र र जेष्ठ नागरिक स्वाभिमान, सम्मान र



सुरक्षित जीवन जस्ता एजेन्डा समावेश छन् ।

निशा ब्याट्री चुनाव चिन्ह भएको गतिशील लोकतान्त्रिक पार्टीबाट उम्मेदवार बनेकी हुन् । उनी यस पार्टीकी केन्द्रीय सदस्य समेत हुन् । उनले उम्मेदवारी दिएको क्षेत्रमा नेपाली कांग्रेसबाट प्रदीप पौडेल, एमालेबाट ईश्वर पोखरेल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सस्मित पोखरेल, नेपाली कम्युनिष्ट पार्टीबाट कल्पना शर्मा लगायत चुनावी प्रतिस्पर्धामा छन् ।

सन् २००९ मा रिलिज भएको फिल्म ‘मिसन पैसा’बाट अभिनय करिअर सुरु गरेकी निशाले अहिलेसम्म लगभग ३० वटा फिल्ममा काम गरिसकेकी छन् । उनी पछिल्लो पटक फिल्म ‘आँखा’मा देखिएकी थिइन्, जुन २०२४ मा रिलिज भएको थियो । सन् २०१७ मा आफ्नै लगानीमा फिल्म ‘झ्यानाकुटी’ समेत बनाएकी उनी अब यसको दोस्रो श्रृंखला (सिक्वेल) निर्माण गर्ने तयारीमा छिन् ।

# ‘राम नाम सत्य’को गीतमा सुपुष्पासँग रोमान्टिक बने विराज

काठमाडौं- आगामी चैत २७ गतेबाट प्रदर्शन हुन लागेको फिल्म ‘राम नाम सत्य’को पहिलो गीत ‘धागोले बाटेको’ सार्वजनिक गरिएको छ । लोकलयमा आधारित यस गीतमा बाबुल गिरी र रचना रिमालको स्वर रहेको छ भने डा. डीआर उपाध्याय खनालको शब्द रचना तथा गायक गिरीको संगीत छ । एकअर्काको मायामा समर्पित जोडीको भावनालाई गीतमा प्रस्तुत गरिएको छ ।

सियोन श्रेष्ठको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी विराज भट्ट र सुपुष्पा भट्ट देखिएका छन् । गीतमार्फत विराजले सुपुष्पालाई आफ्नो बनाउने इच्छा व्यक्त गरेका छन् भने सुपुष्पाले आफ्नो फक्रिँदो जोवन सुम्पने वाचा गरेकी छन् । पहिलो पटक फिल्ममा सहकार्य



गरेका विराज र सुपुष्पाको केमेस्ट्रीले दर्शकलाई आकर्षित गर्ने देखिन्छ ।

एक्सन-लभस्टोरी कथामा निर्माण भएको यस फिल्ममा विराज र सुपुष्पासहित सुशील श्रेष्ठ, दिव्या रायमाझी, आयुष सिंह ठकुरी, स्व. सुनिल थापा, प्रशान्त ताम्राकार, कनिज कोइराला, रवि गिरी, दिनेश डीसी, आशा पौडेल लगायतका कलाकार हरूको अभिनय देख्न सकिनेछ । चर्चित टिकटकर आयुषले यही फिल्मबाट डेब्यु गरेका हुन् ।

माइकल चन्दको लेखन तथा निर्देशन रहेको यस फिल्ममा उपेन्द्र शाही र स्वेता विमली निर्मातामा छन् भने कार्यकारी निर्माताहरू किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार हुन् । फिल्ममा मानकृष्ण महर्जनको डीओपी, बन्दे प्रसादको सम्पादन, काला चरणको ब्याकग्राउन्ड म्युजिक, श्री श्रेष्ठको द्वन्द्व निर्देशन तथा बाबुल गिरी, अर्जुन पोखरेल, एसडी योगी र नवा अन्सारीको संगीत रहेको छ ।

# पहिला फिल्मबाट आनालाई हटाए, अहिले उनैको तारिफ गर्दैछन् सरोज

काठमाडौं- फिल्म ‘जेरी अन टप’को नामदेखि कलाकार परिवर्तनको विवाद जगजाहेर छ । फिल्मको पोस्टर फोटोसुटमा नआएको भन्दै निमाण पक्षले अभिनेत्री आना शर्मालाई हटाएर उनको ठाउँमा जसिता गुरुङलाई अनुबन्धित गरेको थियो । आनालाई फिल्मबाट हटाउँदै गर्दा यसका निर्माता सरोज न्यौपानेले उनले व्यावसायिकता नदेखाएको आरोप लगाएका थिए ।

आफूलाई जानकारी नदिइ फिल्मबाट हटाएपछि आनाले पनि सामाजिक सञ्जालमा एक पोस्ट लेख्दै निर्माता न्यौपानेले आफ्नो मानमर्दन र प्रतिष्ठामा हिलो छ्याप्ने काम गरेको बताएकी थिइन् । उनले निर्मातालाई प्रश्न गर्दै भनेकी थिइन्, ‘फिल्मको टोलीले महिनौंसम्म मेरो नाम लिएर प्रचार गरे । तर, मलाई हटाइँदा एक शब्द पनि जानकारी दिइएन । यो कहाँको व्यावसायिक धर्म हो ?’

‘जेरी अन टप’को विवादपछि आना र सरोजबीच पानी बाराबारकै अवस्था थियो । तर, फिल्म क्षेत्रमा मित्रता र दुश्मनी दिगो हुँदैन भनेझैँ अहिले फेरि उनीहरूबीच निकटता बढेको छ । शनिबार आनाको निमन्त्रणमा उनको नयाँ फिल्म ‘रमिताको पिरती’



हेर्न सरोज ललितपुरको लबिम मल पुगेका थिए । र, फिल्म हेरिसकेपछि उनले आनाको मुक्तकण्ठले प्रशंसा गरे । उनले आना आफ्नो ‘अलटाइम फेभरेट’ रहेको बताए । उनले भने, ‘आना राम्रो अभिनय गर्ने कलाकार हो । फिल्मका लागि मेरो पहिलो रोजाइ सधैं आना नै हुने गर्छ । कुनै प्रोजेक्ट गर्दा सुरूमा म आनालाई नै सोध्छु होला । उसले नगर्ने भएपछि मात्र अरूबारे सोच्छु । अहिले म एउटा फिल्मको तयारीमा छु । सायद त्यसमा आनालाई सुहाउने भूमिका भयो भने अवश्य अफर गर्नेछु ।’

सरोजलाई पत्रकारहरूले ‘जेरी अन टप’बाट आनालाई हटाएको विषयमा पनि प्रश्न गरेका थिए । पहिला आनाले व्यावसायिकता नदेखाएको भन्दै फिल्मबाट हटाएको दाबी गरेका उनले आनाको सामुन्नेमा भने बोली फेरे । उनले फिल्मबाट आनालाई हटाएको नभइ त्यस बेला उनको समय नमिलेका कारण समझदारीमै अलग भएको बताए ।

आनाले भने ‘जेरी अन टप’को विषयमा आफूहरूबीच केही गलत बुझाइ भएको बताइन् । उनले सञ्चारकर्मीसँग भनिन्, ‘त्यो बेला मैले सीधा रूपमा कसैलाई लक्षित गरेर पोस्ट लेखेको जस्तो लाग्दैन । हामीबीच धेरै ‘मिस अन्डरस्ट्यान्डिङ’ भएको थियो होला । तर, यी सिक्दै जाने कुराहरू हुन् ।’ उनले निर्माता न्यौपानेसँग आगामी फिल्ममा सहकार्य गर्ने इच्छा पनि व्यक्त गरिन् ।

# पललाई लिएर ‘आ बाट आमा २’ बन्ने




काठमाडौं- यस वर्षको ब्लकबस्टर फिल्म ‘आ बाट आमा’को दोस्रो श्रृंखला निर्माण हुने भएको छ । निर्माता कम्पनी आर्या इन्टरटेन्मेन्टले आइतबार अभिनेता पल शाहको जन्मदिनको अवसरमा एक पोस्टर सार्वजनिक गर्दै ‘आ बाट आमा २’ निर्माणको घोषणा गरेको हो । २०८३ सालको विजयादशमी (दसैं)मा फिल्म प्रदर्शन हुने पोस्टरमा उल्लेख छ । सार्वजनिक पोस्टरमा ‘रियल सुपरस्टार’को ट्याग दिँदै पललाई मात्र प्रस्तुत गरिएको छ । उनी लामो कपाल (विग)सहित धुस्रैफुस्रै देखिएका छन् भने खुट्टाको गोलीगाँठाबाट रगत बगेको छ । उनको हुलिया हेर्दा फिल्ममा उनी मानसिक रूपमा विचलित पात्रको भूमिकामा प्रस्तुत हुने अनुमान लगाउन सकिन्छ । पोस्टरको पृष्ठभूमिमा भने उनी मुस्कुराइरहेका देखिन्छन् ।

यो फिल्मलाई दशैंको जमरा र आमाको पर्खाइको कथा भनिएको छ । र, फिल्मको ट्यागलाइन राखिएको छ, ‘आउँछु भन्ने एउटा झुटो आशामा आमा वर्षेनि जमरा छरिरहन्छिन् ।’ यसले फिल्मको कथा सन्तानप्रति आमाको माया र दसैंको परिवेशमा आधारित रहेको प्रस्ट पार्छ । चन्द्र पन्तले निर्देशन गर्ने यस फिल्ममा ‘आ बाट आमा’कै धेरैजसो कलाकार दोहोरिने जनाइएको छ ।

गत माघ १६ गते प्रदर्शनमा आएको ‘आ बाट आमा’ले घरेलु बक्स अफिसमा ११ करोडको व्यापार गरिसकेको छ । चुनावअघिसम्म फिल्मले १२ करोडको आँकडा पार गर्ने अनुमान गरिएको छ ।

## ‘मोहर २’ बन्ने, दोहोरिएलान् पल

काठमाडौं- यस वर्ष व्यावसायिक रूपमा सफल ठहरिएको फिल्म ‘मोहर’को दोस्रो श्रृंखला निर्माण गरिने भएको छ । शुक्रबार निर्माता कम्पनी फिल्ममेकर्स प्रालिले थिम पोस्टर सार्वजनिक गर्दै ‘मोहर २’को निर्माण घोषणा गरेको हो । यस फिल्मलाई ओम प्रतीकले निर्देशन गर्नेछन् भने प्रस्तुतकर्तामा चुम्बन जंग शाही रहनेछन् । फिल्मको छायांकन अर्को वर्षको मध्यतिर हुने जनाइएको छ ।

घरेलु बक्स अफिसमा ५ करोडमाथिको व्यापार गरेको ‘मोहर’मा पल शाह, बेनिशा हमाल, नीति शाह, अर्जुन जंग शाही, मिथिला शर्मा लगायतका कलाकारहरूको अभिनय रहेको थियो । यसको सिक्वेलमा पनि उनीहरूलाई नै दोहोऱ्याउने योजनामा निर्माण पक्ष रहेको छ । निर्देशक प्रतीकका अनुसार पलसहितका कलाकारलाई दोहोऱ्याउने गरी अहिले स्क्रिप्टमा काम भइरहेको छ ।

कलाकारबारे उनले फिल्मीखबरसँग भने, ‘फिल्ममा पुरानो कास्ट नै दोहोरिने सम्भावना धेरै छ । त्यही अनुसार स्क्रिप्टमा वर्कआउट गरिरहेका छौं । तर, यो फिल्मभन्दा अगाडि म अर्को फिल्म गर्दैछु ।

# पल र उषाले उद्घाटन गरे इलाममा फ्रेन्ड्स सिनेमाजको नयाँ हल

काठमाडौं- पर्यटकीय नगरीको रूपमा चिनिएको इलाममा फ्रेन्ड्स सिनेमाजको नयाँ हल सञ्चालनमा आएको छ । शुक्रबार अभिनेता पल शाह र अभिनेत्री उषा उप्रेतीले संयुक्त रूपमा रिवन काटेर हलको उद्घाटन गरे । कार्यक्रममा अहिलेको सुपरहिट फिल्म ‘आ बाट आमा’का निर्देशक चन्द पन्तको पनि उपस्थिति रहेको थियो । सो हलमा पहिलो फिल्म पनि यही देखाइयो ।

इलामको पुरानो बसपार्कस्थित नगरपालिकाको पार्किङ भवनमा सञ्चालनमा आएको उक्त हलमा १८८ सिट क्षमताको एउटा मात्र स्क्रिन रहेको छ । करिब ३ करोड ५० लाख रूपैयाँको लगानीमा निर्माण भएको यो हलमा टुके प्रोजेक्सन र डल्बी डिजिटल साउन्ड सिस्टम जडान गरिएको फ्रेन्ड्स सिनेमाजका अध्यक्ष प्रदीप धामीले बताए ।

हलको उद्घाटनपछि धामीले भने, ‘हाम्रो लक्ष्य भनेकै मोफसलका दर्शकलाई राजधानी स्तरको सेवा दिनु हो ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३०,
२०८२ साल फागुन १२ गते मंगलबार
24 FEBRUARY 2026, TUESDAY

# स्कोडा कायलाकमा रहेको रियल अटोमेटिक र एएमटीको फिचर यस्तो

काठमाडौं- स्कोडा कायलाक नेपालमा आधिकारिक रूपमा सार्वजनिक भइसकेको छ। ५२.९० लाख मूल्य तोकिएको यो गाडी आसीई सेग्मेन्टमा उत्कृष्ट भ्यालू-फर-मनी अटोमेटिक विकल्पका रूपमा प्रस्तुत भएको कम्पनीको दाबी छ ।

बढ्दो शहरी ट्राफिक, लामो यात्रा र विविधतायुक्त सडक अवस्थालाई ध्यानमा राख्दै नेपाली चालकहरूलाई यसले स्मूथ प्रदर्शन, विश्वसनीयता र आराम दिने जनाइएको छ । युरोपेली इन्जिनियरिङ र रियल अटोमेटिक ट्रान्समिसनको संयोजनले कायलाकलाई आफ्नो सेग्मेन्टमा नयाँ मापदण्ड स्थापित गर्ने एसयुभीका रूपमा उभ्याएको कम्पनीले जनाएको छ ।

सबै अटोमेटिकले ड्राइभिङ सजिलो बनाउने उद्देश्य राखे पनि सबैमा समान अनुभव हुँदैन । कायलाकमा स्कोडाले रियल अटोमेटिक रोज्नुको कारण आराम, रिफाइन अनुभव र दीर्घकालसम्म प्रयोग गर्न सकिने कुरालाई प्राथमिकता दिएको कम्पनीको भनाइ छ ।



आजकल अटोमेटिक कार खोज्ने ग्राहकका लागि 'अटोमेटिक' शब्दको अर्थ धेरै लाग्न सक्छ।एएमटी, सीभीटी, डीसीटी र टर्क कन्भर्टर गियरबक्सजस्ता प्रविधिहरूले फरक-फरक ड्राइभिङ अनुभव दिन्छन् । विशेषगरी आराम, रिफाइन अनुभव र दैनिक उपयोगितामा केन्द्रित स्कोडा कायलाक जस्ता एसयुभी को सन्दर्भमा यी भिन्नताहरू थाहा पाउनु जरुरी हुने जानकारहरु बताउँछन् ।

एएमटी (एटोमेटेड म्यन्यूल ट्रान्समिसन) बजारमा पाइने सबैभन्दा किफायती अटोमेटिकमध्ये एक हो । यो मूलतः अटोमेटिक क्लच र गियर सिफ्टिङ सिस्टम भएको म्यानुअल गियरबक्स हो । एएमटी इन्धन-कुशल र खर्चमा किफायती भए पनि यसमा गियर परिवर्तन गर्दा झट्का महसुस हुन सक्छ । विशेषगरी ट्राफिकमा बारम्बार रोकिँदा वा ओभरटेक गर्दा गियर सिफ्टमा केहि ढिलाइ देखिन्छ, जसले हरेक दिनको सहरी यात्रामा असहज र कम रिफाइन अनुभव दिन सक्छ ।

त्यस्तै, सीभीटी (कन्टिन्यूस्ली भेरियबल ट्रान्समिसन) ले परम्परागत तरिकाले गियर सिफ्ट नगरी बेल्टमा आधारित प्रणालीबाट गति परिवर्तन गर्ने भएकाले स्मूथ एक्सेलरेसन दिन्छ । सीभीटी आरामदायी र इन्धन-कुशल भए पनि कतिपय चालकले "रबर ब्यान्ड" प्रभाव महसुस गर्छन्, जहाँ इन्जिनको आवाज बढे पनि गति बढेको अनुभूति त्यति बलियो हुँदैन । यसले हाइवे वा उकालो बाटोमा ड्राइभिङ आत्मविश्वास घटाउन सक्छ ।

डीसीटी (ड्युल क्ल्च ट्रान्समिसन) छिटो गियर सिफ्टका लागि परिचित प्रदर्शन केन्द्रित अटोमेटिक्स हो । तर, यो प्रणाली विशेषगरी भीडभाडयुक्त ट्राफिक र गर्मी मौसममा जटिल र संवेदनशील हुन सक्छ । खासगरी केही ग्राहकका लागि चुनौतीपूर्ण सडकहरूमा यसको दीर्घकालीन विश्वसनीयता र मर्मत खर्च चिन्ताको विषय बन्न सक्छ ।

यहिँनेर 'रियल अटोमेटिक' अर्थात् टर्क कन्भर्टर अटोमेटिक ज्यादा उपयोगी हुन आउने जानकारहरु बताउँछन् । स्कोडा कायलाकको अटोमेटिक भेरियन्टमा प्रयोग गरिएको यो प्रणाली स्मूथनेस, टिकाउपन र विश्वसनीयताका लागि परिचित रहेको कम्पनीको भनाइ छ। यसले झट्का र ढिलाइ बिना सहजै गियर परिवर्तन हुन्छ, जसले सहरको भिडभाडमा पनि आरामदायी अनुभव दिने भनिएको छ । साथै, हाइवेमा पनि यसले स्मूथ एक्सेलरेसन र स्थिर क्रुजिङ प्रदान गर्ने पनि कम्पनीले जनाएको छ । व्यावहारिक र आरामदायी प्रयोजनको एसयुभीका लागि कायलाकको हकमा यो छनोट प्रभावकारी हुने भनिएको छ । यसमा टर्क कन्भर्टर अटोमेटिकले १.०-लिटर टीएसआई टर्बो पेट्रोल इन्जिनसँग मिलेर सन्तुलित प्रदर्शन र सजिलो ड्राइभिङ अनुभव दिन्छ। यो प्रयोगमा सहज छ र नेपालको शहरी ट्राफिक, हाइवे तथा पहाडी भू-भागमा भएका विविधतायुक्त सडकहरूका लागि उपयुक्त छ ।

रियल अटोमेटिकले दैनिक प्रयोगका दौरान, विशेषगरी लामो यात्रा र ट्राफिक जामका बेला चालकको थकान घटाउँछ र आराम बढाउने कम्पनीद्वारा जारी रिपोर्टमा उल्लेख छ। साथै, यसको प्रमाणित विश्वसनीयता र दीर्घकालीन स्मूथ संचालनले मानसिक शान्ति पनि दिने भनिएको छ ।

# राष्ट्र बैंकमा तथ्यांक महाशाखा स्थापना

काठमाडौं । नेपाल राष्ट्र बैंकले 'तथ्यांक महाशाखा' स्थापना गरेको छ । राष्ट्र बैंकले सम्पूर्ण वित्तीय तथा मौद्रिक तथ्यांकलाई एकीकृत, व्यवस्थित र प्रविधिमैत्री बनाउने उद्देश्यसहित नयाँ महाशाखा खडा गरेको हो ।

गभर्नरको प्रत्यक्ष निगरानीमा रहने तथ्यांक महाशाखाले वित्तीय तथा मौद्रिक तथ्यांकलाई एउटै प्लेटफर्ममार्फत व्यवस्थापन गर्नेछ । यसबाट काममा दोहोरोपना अन्त्य हुने, तथ्यांकको गुणस्तर सुधार हुने तथा समयमै प्रतिवेदन सार्वजनिक गर्न सहयोग पुग्ने राष्ट्र बैंकको विश्वास छ। केन्द्रीय बैंकले पछिल्लो समय डिजिटल रिपोर्टिङ प्रणाली, सुपरिवेक्षण प्रविधि र नियामकीय प्रविधि प्रयोगलाई विस्तार गर्दै आएको छ ।

नयाँ महाशाखाले आवश्यक समन्वय गरी तथ्यांक संकलन, प्रमाणीकरण, विश्लेषण र प्रकाशनलाई थप प्रभावकारी बनाउने राष्ट्र बैंकले जनाएको छ ।

**सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं ।**

- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाच गराऔं ।
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं।
- गर्भवति महिलालाई नियमित पोषिलो खाने कुरा खुवाऔं ।
- बच्चा जन्मनेबित्तिकै बिगौति दुध खुवाऔं ।
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं ।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं ।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# निर्वाचन सुरक्षाका लागि दार्च 'लाका मतदान स्थलमा संयुक्त सुरक्षा गस्ती



दार्चुला । दार्चुलामा निर्वाचन सुरक्षाको लागि तीन वटै सुरक्षा निकायले संयुक्त गस्ती थालेका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनलाई मध्यनजर गर्दै जिल्लामा संयुक्त सुरक्षा गस्ती थालेका हुन् ।

जिल्लामा ११२ मतदान स्थल र १४३ मतदान केन्द्र छन् । ती स्थलको अनुगमन तथा त्यस ठाउँका नागरिकलाई सुरक्षाको प्रत्याभुतिका लागि संयुक्त सुरक्षा गस्ती सुरु गरिएको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले जानकारी दिए । उनका अनुसार निर्वाचनलाई स्वच्छ, निष्पक्ष एवं भयरहित वातावरणमा सम्पन्न गराउन नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त गस्ती परिचालन गरिएको छ ।

उनीहरुले हरेक ठाउँमा नियमित चेकजाँच, इजाजत प्राप्त हतियारहरुको संकलन, अवैध मदिरा नियन्त्रणको लागि बजार पसल अनुगमन, अवैध मदिरा बरामद गरी नष्ट तथा मतदानस्थलहरुको नियमित रुपमा अनुगमन भइरहेको उनले बताए ।

जिल्लाभरि सुरक्षाको अवस्थाको निरन्तर मूल्यांकन तथा निरीक्षणको काम चलिरहेको छ । प्रमुख जिल्ला अधिकारी पौडेलका अनुसार निर्वाचनको विषयमा आवश्यक निर्देशन दिन सुदूरपश्चिम प्रदेशका मुख्य सचिव बैकुण्ठ प्रसाद अर्यालले दार्चुला पुगेर आवश्यक चुनावी तयारीबारे निर्देशन दिएका छन् ।

नौगाड गाउँपालिका-१ को नागुका स्थानीयले नो भोट भने पछि त्यहाँको निर्वाचनको विषयमा समेत बैठकमा छलफल भएको उनले बताए । अहिलेसम्म नागुका स्थानीय मतदान गर्न तयार छैनन, उनले भने, व्याँस गाउँपालिका-२ का स्थानीय भने मतदान गर्न तयार भएका छन् ।


फागुन २१ गते हुने निर्वाचनका लागि दार्चुलामा ८ सय ५६ जना कर्मचारी खटाइएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्लामा निर्वाचनका लागि खटिने कर्मचारीहरुको अन्तिम सूची प्रकाशन गरेको छ ।

सहायक निर्वाचन अधिकृत विष्णु अवस्थीका अनुसार एउटा मतदान केन्द्रमा ६ जनासम्म कर्मचारी परिचालन गरिएको छ । दुई वटा अस्थायी मतदान केन्द्रमा तीन तीन जना कर्मचारी खटाइएको छ ।

निर्वाचनका लागि खटाइएका कर्मचारीहरुलाई यही फागुन १३ र १४ गते तालिम दिएर मतदान केन्द्रमा पठाउने तयारी भएको जिल्ला निर्वाचन अधिकारी प्रदीपसिह धामीले जानकारी दिए ।

धामीका अनुसार पहिलो चरणमा अपिहिमाल गाउँपालिकाका १० वटा, व्याँस गाउँपालिकाका १३ वटा, मार्मा गाउँपालिकाका १७ वटा, लेकम गाउँपालिकाका १७ वटा र नौगाड गाउँपालिकाका १४ तथा अस्थायी मतदान केन्द्रका मतदान अधिकृत र सहायक मतदान अधिकृतको लागि तालिमको आयोजना गरिएको छ ।

यस्तै दोस्रो चरणमा महाकाली नगरपालिकाका २० वटा, शैल्यशिखर नगरपालिकाका २३ वटा, मालिकार्जुन गाउँपालिकाका १८ वटा, दुहुँ गाउँपालिकाका ११ वटा मतदान केन्द्रका मतदान अधिकृत र सहायक मतदान अधिकृतको लागि तालिम आयोजना गरिएको उनले बताए । प्रतिनिधि सभाका लागि एक निर्वाचन क्षेत्र रहेको दार्चुलामा १ सय १२ वटा मतदान स्थल र १४३ वटा मतदान केन्द्र तोकिएको छ । जिल्लामा ४५ हजार १९३ महिला र ४७ हजार ७५५ पुरुष गरी कुल ९२ हजार ९४८ मतदाता रहेका छन् ।




जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार